'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्य'

वि.सं. २०६८ कार्तिक १० ने.सं. ११३२ कछलाथ्व म्हः पूजा

# अर्हत

बुलेटिन २ | वर्ष १



# पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)
म बुद्धको शरणमा जान्छु,
म धर्मको शरणमा जान्छु,
म संघको शरणमा जान्छु

दोस्रोपल्ट पनि म बुद्धको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु

तेस्रोपल्ट पनि म बुद्धको शरणमा जान्छु,
तेस्रो पनि म धर्मको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु।
म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु।
म कामरागको विषयमा नराम्रो आचरण गर्ने छैन। यो शील
राम्ररी पालन गर्नेछु।

म झूठ कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु।
म बेहोसको कारण हुने रक्सी, जाँड, आदि लागुपदार्थ सबै
छोड्ने शील राम्ररी पालन गर्छु।

*श्री महामञ्जुश्री गुरु गुठी संस्थाको गोजी पात्रबाट साभार*

# अर्हत

वर्ष १ | बुलेटिन २ | २०६८ कात्तिक १०

सम्पादन/प्रकाशन
बौद्ध दर्शन अध्ययन समाज
भक्तपुर

विशेष सहयोगी
गोपीकृष्ण प्रजापति

कम्प्युटर
सिद्धि डिजाइन, फोन - ६६१९१०७

मुद्रण
सिद्धिगणेश अफसेट प्रेस इनाचो, भक्तपुर
फोन - ६६१४७९३

सहयोग रु. २०।-


अर्हतलाई बौद्ध साहित्यहरु दिई सहयोग गरिदिनु हुन पाठक वर्गहरुमा अनुरोध गर्दछ ।

*बौद्ध दर्शन अध्ययन समाज*

## प्रकाशकीय

'कसैलाई दुःख नहोस् ! कसैको थालमा मासु भात त कसैको थालमा आँसु नहोस् ! सबै सुखी रहून् ! खुशी रहून्' भन्ने मनोकांक्षा मान्छेको हो ।

जब रात पर्न थाल्छ, तब हामी बत्तीको आवश्यकता देख्छौं । जब चिसो बढ्छ, तब हामी न्यानोको खोजीमा लाग्छौं । जब समाजमा असमानताहरु देखा पर्न थाल्छन् तब समानताका स्वरहरु उब्जनु अस्वभाविक होइन ।

मान्छे चेतनशील प्राणी हो । यसले हरेक विषयमा चिन्तन गर्छ । चिन्तनको माध्यमबाटै समाजमा देखिएका विसंगतिको कारण पत्ता लगाउँछ । कसैले दुःखको कारण पूर्व जन्मको फल सम्भन्छन् भने कसैले मान्छेले मान्छेमाथि गरेको शोषण नै दुःखको कारक तत्व सम्भन्छन् । ठोकुवा गर्छन् ।

कारण थम्याइसकेपछि समाधानको खोजीमा लाग्छन् मान्छेहरु । कोही दुःखबाट मुक्ति पाउन दान, धर्म र ईश्वरको भक्तिमा लाग्छन् । कोही शोषणको विरुद्धमा सङ्गठित हुन्छन् । आवाज उठाउँछन् । विद्रोह गर्छन् । दुवै थरिका बाटाहरु मान्छेको मनोकांक्षा पूरा गर्नु नै हो । दुवैको भावना एउटै छ । दुवैको उद्देश्य एउटै छ । ती दुईवटा समाधानका बाटाहरुमध्ये पहिलो कहिल्यै गन्तव्यमा नपुग्ने बाटो हो । त्यस बाटोमा यात्रा गर्नेहरु औलोकिक शक्तिमा भर पर्छन् । अन्ध विश्वासमा जिउँछन् । अर्को बाटो कठिन छ । बाङ्गोटिङ्गो छ । यात्रा लामो छ । गन्तव्यमा पुग्ने निश्चित छ ।

महा मानव बुद्धले तृष्णा नै दुःखको कारक तत्व हो भन्ने कुरा थाहा पाउनुभयो । त्यसकारण उहाँले समाजलाई 'तृष्णा नगर' भन्ने उपदेश दिनुभयो । साँच्चै आफूमात्र राम्रो लाऊँ, आफूमात्र राम्रो खाऊँ भन्ने भावना अल्पसङ्ख्यक साहु महाजन ठूला बडाहरुको हृदयबाट हटाउन सके समाजमा सुखको स्थापना हुँदैन र ?

अस्तु

# विश्व मानवतावादका महान दार्शनिक बुद्ध र बुद्ध दर्शन

● डी.आर. शाक्य "ऋषि", भक्तपुर

आजभन्दा २६०० वर्ष (ई.पू. ६००) पहिले पश्चिम नेपालको रुपन्देही जिल्लाको लुम्बिनी ग्रामको एउटा अत्यन्त मनमोहक उद्यानमा विश्वमानवतावादका महान दार्शनिक सिद्धार्थ गौतमको जन्म् भयो । कपिलवस्तुका राजा शुद्धोधन र रानी महामाया देविको कोखबाट जन्मनुभएका सिद्धार्थ गौतम कपिलवस्तुको युवराज तथा सम्पूर्ण जम्बुद्विप (भारतवर्ष) को अधिपति (चक्रवर्ति) हुने भविष्यवाणी पनि थियो भन्ने सोही आकांक्षा राजा शुद्धोधनको थियो । त्यसकारण सिद्धार्थ गौतमलाई बाहिरी दुनियाँको ज्ञानबाट अलग्याउने र सांसारिक यात्रामा अर्थात वैवाहिक जीवनमा मात्र फसाउनमा राजाको ध्यान केन्द्रित थियो । तर किन हो सिद्धार्थ बाल्यकालदेखि नै अत्यन्त गम्भीर, साम्य, एकान्तप्रेमी र सांसारिक स्वभावको विषयवस्तुमा चिन्तन मनन गर्ने स्वभाव भएकोले त्यस्ता सांसरिक माया मोह: विषय, भौतिक सुख एवं वैभवताको मानसिकताले छुनसम्म पनि सकेन । तथापि सिद्धार्थको मन मस्तिक वैराग्यता एवं संवेगतामा तानिरहेको थियो । जसले गर्दा राजा शुद्धोधनले सिद्धार्थलाई वैवाहिक जीवन एवं वैभवतामा कैद गर्न सकेन ।

धेरैपल्ट भयो रोहिनी नदीको कारणले गर्दा पनि शाक्य र कोलियहरुबीच युद्ध हुन खोजेको र अन्तमा आफू पनि कपिलवस्तुकै पक्षमा लाग्नुपर्ने अर्थात् सबैले पानीको लागि रगत बगाउनुपर्ने भएकोले रगतभन्दा पानीको मूल्य त्यति थिएन र सांसारिक दुःखभन्दा पनि त त्यति ठूलो थिएन भन्ने कुरा सिद्धार्थको मनमा थियो । एकातिर समाजमा धनी र गरिबको रुपरेखा गगनचुम्बी थियो भन्ने धर्मद्वारा प्रादूर्भाव भएको जातिपाति उच्चनिच्च भेदभाव पनि अति नै व्याप्त थियो । जुन यी नै कुराहरुसँगै बृद्ध, रोगी, मृत र सन्यासीको चित्रणले गर्दा थप सिद्धार्थको मनमा वैराग्यता पैदा गरियो । रम्य, सुरम्य, शुभ (जुनसुकै मौसम वा ऋतुको लागि उपयुक्त अनुकूल भएको तीनवटा महल) भन्ने महल भए तापनि सुन्दरी कन्याहरु नर्तकीहरुको नाचगान एवं भोग्य साधन भए तापनि सिद्धार्थको मन बहलाउन सकेन । बरु सिद्धार्थले देख्नुभयो रातभर नर्तकिहरुको नृत्यसँगै बलिरहेका पानसमा तेलसँगै बलिरहेको बत्ती बिस्तारै मसिनो हुँदै अन्धकारले कब्जा गर्न खोजेको र नर्तकीहरु निन्द्रामा यताउत्ति उतानो परेर सुतिरहेको एउटा विभत्स दृश्य युद्धमा मरिरहेको लाश र शम्शानमा फ्याकिरहेको लाशको

तत्कालीन समाजमा चलिरहेका विभिन्न धर्महरुमध्ये गौ व्रत, कुकुर व्रत भनेर गाइजस्तै बस्ने कराउने कुकुरजस्तै बस्ने कराउने धर्मको परीक्षण गरियो । भोकभोकै तपस्या गरियो । ज्ञान लाभ भएन । झन् शरीर मन मस्तिक शक्ति अत्यन्त कमजोर हुँदै गयो । अन्तमा सेनानी गाउँकी सुजाता कन्याको स्वादिलो भोजन सेवनबाट स्वस्थ मानसिक ऊर्जा प्राप्त भई गयाको बरपिपल मुनी बोधिमण्डप बसेर बैशाख पूर्णिमाको अरुणोदय सु-प्रभातमा सम्यक सम्बोधी ज्ञान लाभ गरी बुद्ध हुनुभयो ।

रुपमा देख्न पुगे छ । जसले गर्दा सिद्धार्थको मन अति नै बिरक्तियो । यी नै कारणले गर्दा सिद्धार्थले दिल्लापूर्णिमाको मध्य रातमा महा-भिनिष्क्रमण (गृहत्याग) गर्नुभयो । कलकल बगिरहेको निर्मल अनोमा नदी पार तर्दै सिद्धार्थ कुनै टाढाबाट कपिलवस्तुको नजारा गर्दै 'उफ ! जीवन कुनै नित्य नै छैन । आफूले भन्ने जस्तो छैन भने किन चाहियो राजमहलको माया ? वाक्क भयो मलाई यस्तो जीवन देखि तर पनि किन मानिसहरु यस्तो भुलभुलैयामा लागि परेको हो ? यो पनि एउटा सामाजिक रोग हो । मानिस जन्मिन्छ । बृद्ध हुन्छ । रोगी हुन्छ र मृत्यु हुन्छ । बारबार यस्तै भैरहँछ भन्ने त्यसको अन्त कहिले हुन्छ ? आखिर मुख्य दु:ख यहीं नै हो । त्यसको मुक्तिको लागि सम्यक सम्बोधी ज्ञान अर्थात् बुद्धत्व लाभ गर्नु छ ।

तत्कालीन समाजमा चलिरहेका विभिन्न धर्महरुमध्ये गौ (गाई) व्रत, कुकुर व्रत भनेर गाइजस्तै बस्ने कराउने कुकुरजस्तै बस्ने कराउने धर्मको परीक्षण गरियो । भोकभोकै तपस्या गरियो । ज्ञान लाभ भएन । झन् शरीर मन मस्तिक शक्ति अत्यन्त कमजोर हुँदै गयो । अन्तमा सेनानी गाउँकी सुजाता कन्याको स्वादिलो भोजन सेवनबाट स्वस्थ मानसिक ऊर्जा प्राप्त भई गयाको बरपिपल मुनी बोधिमण्डप बसेर बैशाख पूर्णिमाको अरुणोदय सु-प्रभातमा सम्यक सम्बोधी ज्ञान लाभ गरी बुद्ध हुनुभयो ।

**बुद्धत्व लाभपछि**

बुद्ध भएपछि जीवनमा कहिल्यै त्यस्तो सुखको अनुभव नै गर्न नसकेका विमुक्ति सुख अनुभव हप्ताभरि त्यही बोधिवृक्ष मुनि बसेर गर्नुभयो भन्ने सात हप्तासम्म विभिन्न ठाउँमा बसेर समय बिताउनुभयो । त्यसपछि बुद्धले उदगार व्यक्त गर्नुभयो ।

*'असत्य नष्ट (अविद्यानष्ट) भयो ।*
*सत्य (विद्या) उत्पन्न भयो ।'*
*अन्धकार नष्ट (दु:ख अन्त) भयो ।*
*प्रकाश (प्रज्ञा) उत्पन्न भयो ।*
*अमृतद्धार (जन्म मरणबाट मुक्त भएको) खुलेको छ ।'*

त्यसरी बुद्धत्व प्राप्तिपछि सम्पूर्ण अविद्या संस्कार नष्ट गरी सम्पूर्ण दु:खबाट मुक्त हुने मार्ग प्रतिपादन गर्नुभयो । सम्पूर्ण दु:खका घर बनाउने ज्यावलहरु ( औजारहरु) नष्ट भयो ।

संसारका जुनसुकै कुरा हेतु प्रत्ययद्धारा बनेको छ । हेतुद्धारा नै उत्पन्न हुन्छ हेतुद्धारा विनास हुन्छ । त्यसैकारण यी नै हेतु प्रत्यय अर्थात् प्रतित्य समुत्पाद ( भवचक्र) नै दु:ख समुदाय सत्य पनि हो ।

१) अविद्या - दु:ख र दु:खको कारण नबुझिने
२) संस्कार - फल, विपाक कर्मअनुसार
३) विज्ञान - चेतना राम्रो, नराम्रो
४) नाम रुप - मन र शरीर
५) षदायतन - शरीरका इन्द्रिय ६ प्रकारका
६) फस्स - स्पर्श, आलम्बन
७) वेदना - अनुभव, सुख र दु:ख
८) तृष्णा - चाहना
९) उपादान - अनुराग
१०) भव - अस्तित्व, घर

११) जाति - जन्म

१२) जरा, व्याधि, मरण - बृद्ध, रोगी र मृत्यु

त्यसैले गर्दा बारम्बार जन्म हुने गर्छ बारम्बार बृद्ध हुने । बारम्बार रोगी र मृत्यु हुने गर्छ भन्ने अनित्य दुःख, अनात्ममा परिरहने छौं । तसर्थ जन्म, वृद्ध, रोगी, मृत्यु, अप्रियसँग बस्नुपर्ने, प्रियसँग छुटिएर बस्नुपर्ने, मनले इच्छाएका पूरा नहुने, पञ्चस्क्खन्ध शरीर धारण गरी बस्नुपर्नेजस्ता दुःख यस्तो भवचक्रमा परिरहँदा हुन्छ । अतः एवं यसबाट मुक्ति पाउन दुःख निरोध सत्य भनेको निर्वाण प्राप्त गर्नु अर्थात् सम्पूर्ण दुःख एवं क्लेशबाट मुक्त भएको सउपादिशेष निर्वाण हो भन्ने भौतिक शरीर त्याग गरी जानु अनुपादिशेष निर्वाण हो । त्यसको प्राप्तिको लागि दुःख निरोध हुने मार्ग आर्यअष्टाङ्गिक मार्ग अपनाउनुपर्छ जुन यसप्रकार छन् -

१) सम्यक दृष्टि (सही दृष्टि अर्थात् चतुआर्य सत्य ज्ञानलाई यथार्थ रुपमा देख्ने)

२) सम्यक संकल्प (सही संकल्प अर्थात् दश अकुसल काम त्याग गर्ने संकल्प)

३) सम्यक वचन (सदवचन अर्थात् वचन सयमित गरी बोल्ने)

४) सम्यक कर्मान्त (सत-कर्म अर्थात् शरीरबाट गरिने अकुसल काम नगर्ने)

५) सम्यक आजीव (सही जीविका गर्ने अर्थात् शस्त्र, प्राणी, मद्य, मांस, लागूपदार्थ, विष व्यापार नगर्ने)

६) सम्यक व्यायाम (सही मेहनत दुराचारी काम (पाप) उत्पन्न नहुनेमा कोसिस गर्ने)

७) सम्यक स्मृति (होस राख्नु अर्थात् शरीर, वेदना, चित्त, उत्पति विनास हेर्ने)

८) सम्यक समाधि (सही एकाग्रहता अर्थात् ध्यान)

यिनै कुराहरु तथागत बुद्धले पत्ता लगाउनु भई दिल्लापूर्णिमाको दिनदेखि आफूसँग तपस्याको बेलामा सँगै भएका पाँचजना तपस्वी ब्राम्हणहरु - कोण्डव्य, ओप्प, भद्दिय, महानाम र असज्जीलाई सर्वप्रथम यिनै दुर्लभ ज्ञान सुनाउनुभयो । जब ६० जना भिक्षुहरु हुनुभयो त्यो बेलादेखि बुद्ध शासन संघवादी शासनको रुपमा रुपान्तरीत भयो र उक्त बुद्धद्वारा प्रतिपादित भएको ज्ञान दर्शन सम्पूर्ण ठाउँमा बहुजन हित सुख एवं कल्याणको लागि सम्प्रेसित भयो । यो कुनै ईश्वरवादी, आत्मवादी दर्शन होइन । मानिसको सम्पूर्ण सुख र दुःख मानिसकै कर्मअनुसार हुने कुरा विश्वास गरिन्छ । त्यस्तै संसार उत्पति एवं विनास हुने काम कार्य, कारण अर्थात् हेतु प्रत्ययद्वारा हुने गरिन्छ । यिनै हेतु प्रत्ययद्वारा नै अनित्य, दुःख, अनात्म भइरहेको हो । हामीले सामान्य रुपले हेर्दाखेरी सबैले यसरी बुझ्छ । मानिस जन्मेपछि मृत्यु हुन्छ भन्ने कुरा सबैलाई थाहा छ । तर यसलाई गहिरिएर हेर्दा मानिस किन कसरी जन्म

**मानिस भौतिक (रुप) र अभौतिक (नाम) तत्वबाट बनेको छ । जसलाई चित्त (मन) र शरीर भनिन्छ । बुद्ध दर्शनको अभिधर्मले त्यसरी भनिन्छ । चित्त र चैतसिक कारण (चित्त विज्ञान) ले शरीरलाई नियन्त्रण गर्छ त्यसैगरी शरीर ( भौतिक) का तत्त्व (रुप, शब्द, गन्ध, रस, स्पर्श) ले पनि मनलाई नियन्त्रण एवं प्रभावित पारिन्छ । यिनैको परिवर्तनले गर्दा संसार चक्र चलिरहेको छ भन्ने कुरा बुद्ध दर्शनले देखाइएको छ । बुद्धवादले देखाइएका यस्ता दर्शनहरुले गर्दा आजका आधुनिक विज्ञानका जन्मदाता अल्बर्ट आइन्सष्टाइन्सले समेत आफ्नो सापेक्षवादी सिद्धान्त पनि यिनै बुद्धका प्रतिव्यसमुत्पाद दर्शनसँग मिलेको कुरामा जिक्किर गर्नुहुन्छ । यो दर्शनले गर्दा तथागत बुद्ध पनि विश्व मानवतावादका महान दार्शनिकको रुपमा पनि चिनिनुभयो ।**

र मृत्यु हुन्छ भन्ने कुरा बुद्धदर्शन एवं विज्ञानवादी दर्शनले हेर्दा यो संसारका कुनै पनि भौतिक र अभौतिक वस्तुहरु क्षणिप्रति क्षण उत्पत्ति र विना हुँदै गइरहेको छ । मानिसको शरीरमा मात्र प्रतिसेकेण्डमा लाखौं लाख जीव कोषहरु उत्पत्ति हुन्छ र त्यतिकै हिसाबले मृत्यु पनि हुन्छ । त्यही क्रमले गर्दा मानिस जन्म हुन्छ जवान हुन्छ वृद्ध हुन्छ अन्तमा मृत्यु पनि हुन्छ । मानिस भौतिक (रुप) र अभौतिक (नाम) तत्वबाट बनेको छ । जसलाई चित्त (मन) र शरीर भनिन्छ । बुद्ध दर्शनको अभिधर्मले त्यसरी भनिन्छ । चित्त र चैतसिक कारण (चित्त विज्ञान) ले शरीरलाई नियन्त्रण गर्छ त्यसैगरी शरीर (भौतिक) का तत्त्व (रुप, शब्द, गन्ध, रस, स्पर्श) ले पनि मनलाई नियन्त्रण एवं प्रभावित पारिन्छ । यिनैको परिवर्तनले गर्दा संसार चक्र चलिरहेको छ भन्ने कुरा बुद्ध दर्शनले देखाइएको छ । बुद्धवादले देखाइएका यस्ता दर्शनहरुले गर्दा आजका आधुनिक विज्ञानका जन्मदाता अल्बर्ट आइन्सष्टाइन्सले समेत आफ्नो सापेक्षवादी सिद्धान्त पनि यिनै बुद्धका प्रतिव्यसमुत्पाद दर्शनसँग मिलेको कुरामा जिक्किर गर्नुहुन्छ । यो दर्शनले गर्दा तथागत बुद्ध पनि विश्व मानवतावादका महान दार्शनिकको रुपमा पनि चिनिनुभयो ।

यो दर्शन दु:ख मुक्तिवादी, मानवतावादी दर्शन भएकोले तत्कालीन समाजमा कैयौं वेदाचार्यहरु, ऋषिमुनिहरु, विभिन्न दार्शनिकहरु समेत बुद्ध, धर्म र सङ्घको सरणमा समाविष्ट हुनुभयो । त्यतिमात्र होइन राजादेखि एउटा शुद्रसम्म पनि बुद्ध शासनमा समानता पाइन्छ भन्ने कुरा बौद्ध साहित्यमा देखाइएको छ । सबैले दु:खबाट मुक्ति पाउँथे । यो कुनै ईश्वरको बरदानले पाउने कुरा होइन मानिसको आ-आफ्नो कर्मले पाउने कुरा हुन्छ । त्यसैकारण बुद्धले भन्नुभएको छ 'अताही अत्तलोनाथो कोही नाथो परोसिया' (आफ्नो नाथ आफै हो कोही आफ्नो नाथ हुन सक्दैन ।' त्यसगरी जातिपातिको विषयमा पनि बुद्ध भन्नुहुन्छ :

*नजच्चा वसलो होति, नजच्चा होति ब्राम्हणे ।*
*कम्मना वसलो होति, कमना होति ब्राम्हणो ॥*

**अर्थ** : कोही व्यक्ति जन्मजातले चण्डाल हुँदैन भन्ने जन्म जातले ब्राह्मण पनि हुँदैन । आ-आफ्नो कर्मअनुसार चण्डाल हुने र ब्राह्मण हुने हो' बुद्धका यिनै कुरा बुलन्द भएकोले तत्कालीन समाजमा मानव अधिकारको लागि सर्वप्रथम क्रान्तिकारी पाइला भइदिएको छ । त्यसकारण बुद्धका यस्ता विभिन्न मानवीय पक्ष र दर्शन भएकोले बुद्धवादी दर्शनलाई वैज्ञानिकहरुले पहिलो महान वैज्ञानिक दर्शन मान्नुहुन्छ । दार्शनिकहरुले पनि बुद्धलाई महान दार्शनिक मान्नुहुन्छ । समाजवादीहरुले समाजवादी मान्नुहुन्छ र प्रजातन्त्रवादीहरुले प्रजातन्त्रका पहिलो प्रजातन्त्रवादी नेता मान्नुहुन्छ ।

जो-जसले बुद्धलाई मानिए तापनि देखिए तापनि आखिर बुद्धका शिक्षा एवं दर्शन संसारका समस्त मानव जगतको लागि भएकोले बुद्ध विश्वमानवतावादका महान दार्शनिक हुनुभएको छ । अस्तु ।

ळळळ

- जसरी हावा चलेको दिशातिर धुलो फ्याँक्दा त्यो धूलो आफैतिर आइपर्दछ, त्यसैगरी शुद्ध, क्लेश र मलबाट निर्लिप्त निर्दोष (अर्हत) लाई जसले दोषारोपन गर्दछ, त्यस्ता मूर्खले नै पापको फल भोग्नुपर्दछ ।
- सबै प्राणीहरु दण्डदेखि डराउँछन्, सबै मृत्युदेखि डराउँछन् भन्ने कुरा बुझी आफूलाई नै उदाहरण बनाएर कसैलाई पनि हनन नगर्नु, घात पनि नगर्नु ।

*– धम्मपद*

# महाभिनिष्क्रमणको मार्मिक प्रसङ्ग

## चुपचाप गृहत्याग गरेका थिएनन् बुद्धले

• सीताराम अग्रहरि



वैशाख शुक्लपूर्णिमा अर्थात् बुद्ध पूर्णिमा शान्तिकामी, मुक्तिकामी मानवमात्रका लागि करूणामय बुद्धलाई सम्भने, श्रद्धा गर्ने प्रज्ञा दिवस । प्राणी मात्रलाई दु: ख शोक, भय, अविद्या, तृष्णाबाट मुक्त पार्ने महामानव बुद्धपथबाट पाठ लिने अविस्मरणीय जागरण दिवस । सन् ५२८ ईसापूर्वको वैशाख पूर्णिमामा बुद्धत्व प्राप्त सिद्धार्थ गौतम सम्यक सम्बुक बनेको पावन दिन ।

जवाहरलाल नेहरू 'इतिहासका महापुरुष' नामक आफ्नो पुस्तकमा लेख्छन्' बुद्धको जन्मको बेला भारतमा पुरानो बौद्धिक धर्म प्रचलित थियो तर त्यो धेरै बदलिसकेको थियो र आफ्नो उच्च आदर्शबाट खस्किसकेको थियो । ब्राह्मय पुरोहितहरूले थरीथरीका कर्मकाण्ड, पूजापाठ र अन्धविश्वास थुपारिएका थिए । जातिको बन्धन कडा हुँदै गइरहेको थियो र

आमजनता साइत, मन्त्र-तन्त्र, जादू आदिबाट डराउँथे । यी तरिकाबाट पुरोहितहरूले जनतालाई आफ्नो मुठ्ठीमा राखेका थिए र क्षेत्री राजाको सत्तालाई चुनौती दिन थालेका थिए । यसरी क्षेत्री र बाहुनबीच सङ्घर्ष चलिरहेको थियो । त्यसबेला बुद्ध एक लोकप्रिय सुधारकको रुपमा प्रकट भए र उनले पुरोहितहरूको यी अत्याचारमाथि एवम् पुरानो वैदिक धर्ममा जुन खराबी आएको थियो त्यसमाथि आक्रमण बोले । उनले शुद्ध जीवन बिताउन र असल काम गर्न ...... सदजीवनको बाटो बताए ।'

बुद्ध महापुरुष थिए । उनले दु:खको मीमासामात्र गरेनन् निकासको उपाय पनि बताए । जन्म पनि दु:ख, बुढेसकाल, मरण, शोक, मनको उद्धिग्नता, चिन्ता, मिलन, संयोग, प्रियसँग वियोग सबै दु:ख हो । उनको विचारमा कुनै अभीष्ट र त्यसलाई प्राप्त गर्न नसक्नु पनि दु:ख हो । संसारमा आएपछि एउटा न एउटा दु:ख लागिरहन्छ, दु:खबाट छुटकारा मानिसको नियतिमा छैन । बुद्धले तृष्णालाई नै दु:खको मूल कारण बताए । तृष्णाबाट मुक्त भएर दु:खरहित अवस्थाको नाम नै निर्वाण हो र मानिसले आफ्नो जीवनमै निर्वाण प्राप्त गर्नसक्छ, यस्तो बुद्ध ठान्दथे । राग, द्वेष एवम् मोहरहित, तृष्णारहित भएर, ज्ञानवान भएर मनुष्यले कर्म गऱ्यो भने उसले मोक्ष प्राप्त गर्नसक्छ । यसका लागि उनले आठ मार्ग बताएका छन् ।

बुद्धको सबभन्दा ठूलो शक्ति उनको विनम्रता, शालीनता, सहनशीलता, सहिष्णुता हो । उनी सहअस्तित्व, सद्भावको सिद्धान्तमा विश्वास गर्थे जसको अप्प दीपो भव उत्तिकै प्रासङ्गिकता छ । उनमा आत्मविश्वास त थियो भ्रूठो आत्मभिमान थिएन । उनी अहंकाररहित थिए । उनी अरु धर्मगुरूजस्तै कृत्रिम देवत्वमा विश्वास गर्दैनर्थे । उनी स्पष्ट भन्थे, आज दियो भव अर्थात् आफ्नो उज्यालो आफै बन । श्रद्धाले मानिस उनलाई भगवान मान्छन्, भन्छन् । उनी स्पष्टरुपले भन्थे, 'म त मोक्षदाता होइन, मार्गप्रदर्शकमात्र हुँ ।' उनी प्रशंसा वा निन्दा, स्तुति वा भक्तिको दुनियाँबाट टाढा थिए, उनी व्यवहारिक मानव धर्मका व्याख्याता थिए । उनी भन्थे - सधैं सबैले प्रशंसा गर्ने वा निन्दा गर्ने व्यक्ति पहिले पनि थिएन, आज पनि छैन, पछि पनि हुनेछैन ।' (जेतवन) । उनी कालजयी चिन्तक थिए । संयुक्त राष्ट्रसङ्घका महासचिव उथान्तले सन् १९६७ मा लुम्बिनी भ्रमणमा सही नै भनेका थिए, बुद्ध नेपालका मात्र नभई विश्व महापुरुष हुन् ।

यहाँ विवेचनाको प्रसङ्ग अर्कै छ के बुद्ध चुपचाप एक रात कसैलाई केही नभनी दु:खतप्त मानवताको प्रश्न समाधान गर्न अकस्मात् गृहत्याग गरेर निस्केका हुन् ? धेरैमा यो भ्रम छ, धेरै विद्वानहरूले यस्तो भन्दै आएका छन् । बुद्धले प्रव्रज्या ग्रहण किन गरे ? परम्परागत जवाफ यो छ कि एक वृद्ध, एक रोगी तथा मुर्दा देखेर उनको मनमा विरक्तिको ज्वार उठ्न थाल्यो । उनको हृदयमा प्राणीमात्रको मनमा विरक्तिको ज्वार उठ्न थाल्यो । उनको हृदयमा प्राणीमात्रको चिन्ता र दु:ख हटाउने उपाय खोज्ने इच्छा दिनप्रतिदिन प्रवल हुँदै गयो । आचार्य धर्मानन्द कौसम्वीले यस महाभिनिष्क्रम (गृहत्याग) को समस्यामाथि प्रश्नसूचक चिन्ह लगाए । कालान्तरमा डा. वीर आर आम्बेडकरले ३५ वर्ष निरन्तर बौद्ध ग्रन्थहरूको अध्ययन गरेर कौसाम्वीको सन्देहको पुष्टि गरे । (भारत र विदेशमा बौद्ध धर्म प्रसारक, डा. श्रीमती यमुनालाल ।) उनले प्रश्न उठाए 'यो कसरी हुनसक्छ कि २९ वर्षको आयुसम्म सिद्धार्थले कहिल्यै कुनै वृद्ध, रोगी तथा मृत व्यक्तिलाई नदेखेका होऊन् ? यी जीवनका यस्तो घटना हुन् जुन दिनहुँ सयकडौं, हजारौं घटित भई नै रहेका हुन्छन् । ....... यो व्याख्या तर्कको कसीमा खरो उत्रदैन ।' आम्बेडरको विचारमा यो प्रव्रज्याको कारण शाक्य र कोलियहरूबीच रोहिणी नदीको जल विवाद हो । आम्बेडकरले बुद्ध एण्ड हिजधम्ममा सिद्धार्थले आमा वा, श्रीमतीसँग आज्ञा लिएर, छोरा राहुललाई माया गरेर गृहत्याग गरेको तथा बिदाको

बेला यशोधराले लोककल्याण पथ खोज्ने निवेदन गरेको दाबी गरेका छन् ।

यो दाबी तर्कसम्मत देखिन्छ र अन्य कैयौं बौद्ध विद्वानले समेत यसको पुष्टि गरेका छन् । कता कता बुद्धले आफ्ना श्रीमतीसँग विश्वासघात पनि गरे कि जस्तो विवेचनाहरू पनि हुँदै आएको छ । खासगरी यशोधरा साहित्यकारहरूका लागि एक उर्वर पात्र बन्दै आएकी छन् । यशोधराको भावना, वेदना आफ्नो ठाउँमा अनुचित



पनि छैन । परम्परागत मान्यताअनुरुप बुद्ध एक्लै चुपचाप घर छाडेर निस्केका हुन् । यो कुरा बुद्धको स्वभाव, चरित्र बुझ्दा पनि सुपाच्य देखिँदैन । उनमा पर्याप्त आत्मविश्वास थियो । उनले अकस्मात् गृहत्यागको निर्णय गरेका पनि होइनन् । हो, उनी करुणामा थिए । उनी चिन्तनशील थिए । उनी सोचिरहन्थे, दुनियाँमा यति दुःख किन छ ? बलियो मानिसले निर्धाको शोषण किन गरिरहेका छन् ? मानिस एक आपसमा किन लडिरहन्छन् ?

राजा शुद्धोधन छोरा कतै सन्यासी बन्छन् कि भन्ने डरले चिन्तित रहन्थे । छोरालाई कामभोगका लागि सबै बन्दोबस्त गरे, तीन अलग महल बनाउन लगाए र प्रधानमन्त्री उदायीलाई सुन्दरी तरुनीहरूद्वारा सिद्धार्थको मन जित्न व्यवस्था गर्न खटाए । उदायीले एकान्तमा सिद्धार्थलाई भने, प्राचीनकालमा इन्द्रसमेतले गौतम ऋषिको पत्नी अहिल्याई आलिगन गरेका थिए । यस्तै, अगस्त्य ऋषिले सोममाया रोहिणीसँग औतथ्य पत्नी मरुतकी पुत्री ममतासँग ऋषि वृहस्पतिले सहवास गरेको फलस्वरुप भारद्धाजको जन्म भएको आदि अनेकौं उदाहरण दिए । तर्क दिए, महान् पुरुषले समेत काम-भोग गरे भने प्रशंसनीय काम भोगका सेवनमा दोष नै के छ र ? (आनन्द श्रीकृष्ण:गौतमबुद्ध र उनका उपदेश)

बुद्धले विनम्रता तर दृढतापूर्वक जवाफ दिए म संसारका विषयहरूको अवज्ञा गर्दिनँ । मलाई थाहा छ, सारा जगत यिनै कुरामा आसक्त छ तर किनभने म जान्दछु कि सारा संसार अनित्य छ, त्यसैले मेरा मन तिनमा रमाउँदैन.... जहाँसम्म ठूल ठूला महात्माहरू विषयको वशीभूत भएको प्रश्न छ यस विषयमा पनि प्रमाण छैन किनभने अन्त्यमा उनीहरू पनि क्षयलाई प्राप्त भए ।

बुद्धले लामो र दृढतापूर्वक मन्तव्य राख्दै उदायीलाई भने, आशा छ, तपाईंले मलाई विषयभोगको अशोमन कुपथमा लग्नुहुनेछैन ।' यस्ता थिए बुद्ध । २० वर्ष पुगेपछि प्रत्येक अरुणलाई शाक्यसङ्घमा दीक्षित हुनुपर्थ्यो । सङ्घका आठ नियम थिए । आठ वर्षसम्म सिद्धार्थ सङ्घका प्रिय सदस्य रहे तर त्यसपछि घटनाक्रमले नयाँ मोड लियो । सिद्धार्थ २८ वर्षका भइसकेका थिए । शाक्यहरूसँगै टाँसिएको कोलियहरूको राज्य थियो र बीचमा थियो रोहिणी नदी । दुवै राज्य यो नदीका पानीले सिंचाइ गर्थे । यदाकदा उपभोगका कुरामा दुवै पक्षबीच विवाद भइरहन्थ्यो । कहिलकाहीं युद्धको स्थिति पनि उत्पन्न

हुन्थ्यो । सङ्घको सभा डाकियो । सिद्धार्थ र शाक्य सेनापतिबीच समस्याको समाधानका उपायबारे मतभेद उत्पन्न भयो । सेनापति युद्धका लागि तत्पर थिए तर सिद्धार्थ युद्ध चाहँदैनथे । सिद्धार्थको मत थियो कि युद्ध कहिल्यै कुनै समस्याको समाधान हुनसक्दैन ।(डा. भीमराव आम्वेडकर) । सिद्धार्थको विचार थियो, परस्पर एक अर्काको विनाश गर्नुमा बुद्धिमानी छैन । सिद्धार्थ यो पनि

समस्या के थियो भने कोसल नरेशलाई यो कुरा थाहा भए शाक्य सङ्घविरूद्ध कारबाही गर्नसक्थे, शाक्यहरूको राज्य कब्जा गर्नसक्थे । त्यसैले सिद्धार्थ स्वयम्ले यो सुझाव दिए कि यदि म परिव्राजक (सन्यासी) बनूँ र स्वयम् देशबाहिर जाऊँ भने एकप्रकारले देश निकाला पनि हुनेछ र शाक्य सङ्घलाई त्यसका लागि कोसल नरेशले दण्ड पनि दिनेछैन । स्मरणीय छ, कोलियहरू सिद्धार्थका ससुराली खलक थिए ।

मान्थे झगडा शाक्य पक्षधरले नै उठाए यसैले गल्ती शाक्यहरूकै छ । यो ठूलो कुरा थियो । सिद्धार्थ पारम्परिक मान्यताअनुसार राष्ट्रवादी थिएनन् उनी मानवतावादी र सत्यका पक्षधर थिए ।

उनले सुझाव दिए, शाक्य र कोलियहरूका तर्फबाट दुईदुई जना रोजियोस्, ती चार जनाले मिलेर एक पाँचौं व्यक्तिको चयन गरोस् र ती पाँचजना मिलेर विवादको समाधान गरून् । उता, सेनापतिको कथन थियो कि कोलियहरूलाई कडा दण्ड दिइनुपर्छ । ब्राह्मणको धर्म हो यज्ञ गर्नु, क्षेत्रीको धर्म हो युद्ध गर्नु, वैश्यको धर्म हो व्यापार र शुद्धको धर्म हो सेवा गर्नु । उनको विचारमा प्रत्येकले आफ्नो धर्म निर्वाह गर्नुपर्छ । अनि सिद्धार्थले जवाफ दिए, वैर कहिल्यै शान्त हुँदैन । त्योमात्र अवैरबाट शान्त हुन्छ । आगोले आगो कहिल्यै निभ्न सक्दैन, त्यो मात्र पानीले निभ्न सक्छ । झगडाबाट झगडा कहिल्यै सुल्झिन सक्दैन ।

शाक्य सङ्घको बहुमत सेनापतिको पक्षमा थियो । सङ्घलाई सिद्धार्थको मत स्वीकार्य थिएन् र सिद्धार्थलाई सङ्घको फैसला स्वीकार्य थिएन । सङ्घको नियमअनुसार सङ्घविरुद्ध जाने व्यक्तिलाई सङ्घले नियमअनुसार सङ्घविरुद्ध जाने व्यक्तिलाई सङ्घले उसको परिवारको सामाजिक बहिष्कार गर्नसक्थ्यो, खेती (सम्पत्ति) जफत गर्नसक्थ्यो, व्यक्तिलाई दण्डित गर्नसक्थ्यो, देश निकाला गर्नसक्थ्यो । आम परिभाषामा सिद्धार्थ 'राष्ट्रद्रोही' थिए जबकि सिद्धार्थ मेलमिलाप, सहकार्य, सद्भाव, सहिष्णुताको भाका बोलिरहेका थिए । सिद्धार्थले बिन्ती गरे, मेरो परिवारलाई दण्डित नगरियोस्, म स्वयम् दण्ड भोग्न तयार छु ।

समस्या के थियो भने कोसल नरेशलाई यो कुरा थाहा भए शाक्य सङ्घविरुद्ध कारबाही गर्नसक्थे, शाक्यहरूको राज्य कब्जा गर्नसक्थे । त्यसैले सिद्धार्थ स्वयम्ले यो सुझाव दिए कि यदि म परिव्राजक (सन्यासी) बनूँ र स्वयम् देशबाहिर जाऊँ भने एकप्रकारले देश निकाला पनि हुनेछ र शाक्य सङ्घलाई त्यसका लागि कोसल नरेशले दण्ड पनि दिनेछैन । स्मरणीय छ, कोलियहरू सिद्धार्थका ससुराली खलक थिए ।

अन्ततः सिद्धार्थले महाभिनिष्क्रम (गृहत्याग) निर्णय लिए । यो बडा मार्मिक प्रसङ्ग छ । सिद्धार्थ गौतमले आमजनतालाई युद्धको विनाशबाट जोगाउन र जीवजगत्मा जुन दुःख विद्यमान छ, ती दुःखको कारण र निवारण गर्ने उपज खोज्न आफ्ना राज्यका जनता, मातापिता र पत्नीको जानकारीमा परिव्राजक बन्ने निर्णय लिए र गृहत्याग गरे । (आनन्दश्रीकृष्ण: गौतमबुद्ध र उनका उपदेश)

अनन्त करुणामय, अनन्त मैत्रीमय सिद्धार्थले घर छोड्ने भएपछि हाहाकार मच्चियो । पितासँग बिदा माग्दै उनले भने, म आशा गर्दछु, यति त हजुरले बुझ्नु नै हुनेछ कि मैले परिस्थितिलाई थप बिग्रनुबाट जोगाएँ । दण्ड मैले आफ्नो सिरमा लिएँ ।'

भावविह्वल पिताले भने, तिमीले यो सोचेनौ कि हामीमाथि के बित्नेछ ?

सिद्धार्थले वृद्ध पितालाई आश्वस्त पार्न खोजे, यसैकारण त मैले प्रव्रज्या लिन स्वीकार गरें । सोच्नुस्, यदि शाक्यले सारा खेत (सम्पत्ति) जफत गर्ने आदेश दिएको भए के हुन्थ्यो ? शुद्धोदन झनै विचलित भए, बाबु, तिमीविना यी खेत (सम्पत्ति) लिएर के गर्छौ ? सारा परिवार नै शाक्य जनपद परित्याग गरेर किन नजाने ।

दृश्य बडो मार्मिक थियो । प्रजापति गौतमीको गहभरि आँसु थियो, सबै रोइरहेका थिए । गौतमीले पनि भनिन्, हामीलाई त्यागेर यसरी एक्लै कसरी जानसक्छौ र ?

सिद्धार्थले सान्त्वना दिए, आमा क्षत्राणी भएर दु:खी हुनु शोभा दिँदैन । यदि म युद्धभूमिमा गएर मारिएको भए के गर्नुहुन्थ्यो । गौतमीले मानिनन्, शाक्यको देश छोडेर सबै कोसलतर्फ जाउँ भनिन् तर पनि गौतमले मानेनन् । सम्झाए, पत्नी र पुत्रको वास्ता दिए । अनि राजनीतिक परिस्थिति पनि सम्झाए, त्यसो गर्दा शाक्यहरूले देशद्रोही भन्न सक्छन् । उता कोसल नरेशलाई समेत शाक्यहरूविरुद्ध केही गर्ने अवसर मिल्नेछ । शुद्धोदनले अर्को जुक्ति निकाले, शाक्य सङ्घले केही समयका लागि युद्ध स्थगित गरिदिने घोषणा गरेको छ, हुनसक्छ युद्ध अब नहोला । (बाबु) तिमी आफ्नो प्रव्रज्या स्थगित गर !

सिद्धार्थले जवाफ दिए, हुनसक्छ मेरो प्रव्रज्या ग्रहणपश्चात् शाक्य सङ्घले युद्धको घोषणा स्थगित गरिदियोस् तर यो त पहिला मेरो प्रव्रज्या ग्रहणमै निर्भर गर्छ ... । वचनभङ्गको नराम्रो परिणाम हुनसक्छ ।

त्यसपछि सिद्धार्थ र यशोधराबीच मार्मिक वार्तालाप हुन्छ । वार्तालापको सही विश्लेषण कुनै सच्चा मनोविद् या साहित्यकारले नै गर्नसक्छ । यशोधरालाई थाहा थियो, पति आफ्ना विचारमा अटल छन्, उनी बुझ्थिन् सिद्धार्थको मनोभाव । मन रोइरहेको थियो, पतिलाई बिदा गर्नैपर्‍यो चाहि नचाहिकन । त्यसैले भारी मनले भनिन्, ... कुनै नयाँ पथ खोज्न सक्नुहोस् जुन मानवताका लागि कल्याणकारी होस् ।

बुद्धको गृहत्याग कता कता रामको वनवास प्रसङ्गझैं मार्मिक छ । फरक यति छ, रामलाई वनवास दिइएको थियो, बुद्धले भने गृहत्याग स्वयम् रोजेका थिए । सिद्धार्थले नयाँ पथ खोजे पनि । मानवताका लागि कल्याणकारी र व्यवहारिक मार्ग पनि बताए । यी सारा प्रसङ्ग इतिहासको अमर आख्यान हुन् । बुद्धको विनम्र दृढता सारा मानव जातिको लागि उत्कट प्रेरणाको स्रोत बनेको छ । एक तरुण शाक्यको भद्र एकल अवज्ञा अभियान जसले बहुमतको गल्ती कुरालाई शिरोधार्य गर्नुभन्दा आत्मदण्डको महान पथ रोजे । विलक्षण उदाहरण स्थापित गरे ।

तर आत्मदण्डको अवसरलाई आत्मग्लानिं वा कुनै प्रतिशोध साधनको माध्यम बनाएनन् । बुद्धमा राजसी कुलको कुनै मिथ्या अभिमान, अहङ्कार कहिल्यै बोलेन । शाक्य र कोलियहरूको विवादमा आफ्नै गल्तीलाई पनि दृढतापूर्वक उजागर गर्नसक्ने बुद्ध, युद्धको निरर्थकतालाई निर्भिकतापूर्वक बहस गर्नसक्ने बुद्ध हाम्रो प्रेरणाका अजस्र स्रोत हुन् । बुद्धका भावनालाई निष्ठापूर्वक आत्मसात गर्न तयार हुनसके आज अलङ्घनीय देखिएका हाम्रा यावत समस्या, सङ्कट र सङ्क्रमणबाट हामी पार हुनेमा शङ्का छैन । नेपालका महात्मा पुत्रलाई हार्दिक श्रद्धाञ्जली ।

*गोरखापत्र*

*२०६८ वैशाख ३१ गते*

# बुद्धधर्मको एक विशेषता - अभौतिकता

• तुल्सीकाजी मानन्धर

ईशा पूर्व पाँचौं-छैठौं शताब्दीमा शाक्य मुनि बुद्धद्वारा प्रतिपादित बुद्ध-धर्म हाल आएर (एकाइसौं शताब्दीसम्ममा) प्राय: विश्वको सबै देशमा पुगिसकेका छन् । त्यस्तै विश्वका अनेकौं विद्वानहरुले यस धर्मको अध्ययन अनुसन्धान गरिरहेका छन् । विभिन्न विद्वान व्यक्तित्वहरुले बुद्ध-धर्म दर्शनलाई आ-आफ्नो तरिकाले बुझेका छन् । त्यस्तै आ-आफ्नो धारणा र विचारहरु पनि प्रकट गरेको हामी पाउन सक्छौं ।

बुद्धका विचार र दर्शन मानव कल्याणकारी भएको हुँदा बुद्धलाई सबैले आ-आफ्नो तरिकाले अपनाएका छन् । जस्तै हिन्दू धर्मालम्बीहरुले बुद्धको शिक्षा बेजोड र अद्वितीय र अकात्य भएकोले नवौं अवतारको रुपमा समावेश गरेका छन् । प्रजातन्त्र प्रेमी र प्रजातन्त्रमा विश्वास गर्नेहरुले बुद्धलाई शान्तिवादी र प्रजातन्त्रवादीको रुपमा मान्छन् । मानव अधिकारवादी एवं पशु अधिकारवादीहरुले बुद्धलाई पहिलो मानव एवं पशु अधिकारवादीको रुपमा मान्छन् । त्यस्तै अहिंसावादीहरु बुद्धलाई अहिंसाको प्रतिमूर्ति मान्छन् । त्यस्तै गणतन्त्रवादी र समाजवादीहरुले पनि बुद्धवाद र मार्क्सवादमा धेरै विचारहरु सैद्धान्तिक र व्यवहारिक रुपले मिलेको कारण त्यही दृष्टिले हेर्ने गर्छन् । चिकित्सकहरुले पनि बुद्ध एक कुशल चिकित्सकको रुपमा मान्छन् । योगीहरु बुद्धलाई महानयोगीको रुपमा मान्छन् । जस्तो शङ्कराचार्य स्वयंले बुद्धलाई महानयोगीको रुपमा मान्छन् । जस्तो शङ्कराचार्य स्वयले बुद्धलाई 'योगीमा चक्रवर्ती' भनी उल्लेख गरिराखेको छ । वैज्ञानिकहरुले बुद्धले प्रतिपादन गर्नुभएको सिद्धान्त प्रतित्य समुदपाद हेतुवाद सिद्धान्तलाई महान आविष्कारको रुपमा लिन्छन् ।

अध्यात्मवादीहरुले बुद्धलाई आत्मवादी र ईश्वर भनेर व्याख्या गर्छन् । त्यस्तै भौतिक वादीहरुले बुद्ध पूर्ण भौतिकवादी भनेर उल्लेख गर्छन् । यसमा कुन सही र कुन गलत भनी यथार्थ जान्न 'बुद्ध दर्शन' लाई गहन रुपले एक एक गरी अध्ययन मनन गर्न सक्नुपर्छ । तबमात्र 'बौद्ध दर्शन' अनात्मवाद र अनिश्वरवादको रुपमा हामीले स्पष्ट बुझ्न सक्छौं । त्यस्तै बौद्ध दर्शन पूर्ण भौतिकवादी दर्शन होइन । बौद्ध दर्शन अनुसार जस्तो कर्म गर्छ त्यस्तै विपाक (फल) पाउँछ । कुनै पनि जीव भौतिक र मानसिक दुवै तत्व मिलेर बनेको हुन्छ । भौतिक तत्व जस्तै चित्त पनि परिवर्तन भइराख्छन् । भौतिक शरीरलाई मानसिक (मन) तत्वले अगुवाई गर्छ । जस्तो हाम्मपदको पहिलो गाथा मै उल्लेख गरिएको छ -

*मनो पुब्बङ्गमा धम्मो-मनो सेट्ठा मनोमया*
*मन सार्थ पदुद्वेन-भासतिवा करोतिवा ।*

*ततोनं दुक्ख मन्वेति-चककं व वहतो पदं ॥१॥*

अर्थात् मनको धर्म हो जुनसुकै काममा पनि अगुवाई हुन, औं मन मुख्य भएर जताततै पुगेको हुन्छ । त्यसकारण अशुद्ध मन भएर कसैले बोल्यो वा गाली गऱ्यो भने बयलको पछि पछि गाडाको पाङ्ग्रा आए झैं दुःख पछि पछि लागेर आउँछ ।

बौद्ध दर्शनले मानिसलाई नैतिकवान, आज्ञाकारी, संस्कारित, चिन्तनशील, इमानदारी बनाइदिन्छ । त्यस्तै यसले 'दिमागी गुलामी' गर्दैन बरु पूर्ण स्वतन्त्र चिन्तन गर्न प्रोत्साहन दिएका हुन्छन् । त्यसैले हामीले मान्दै आएका जुनसुकै रीतिरिवाज, परम्परा, संस्कृतिलाई आ-आफ्नो दिमाग रुपी कसीमा राम्ररी जाँचेर कति ठीक र कति बेठीक भनेर जान्न प्रेरणा दिन्छ । यस उपदेशले मानवलाई सही मानव बन्न मद्दत मिल्छ । बुद्धको समयमा पूर्णकास्यप, मक्खलिगोसाल, अजित केशकम्बल, प्रकुध कात्यायन, निगण्ठ नाथपुत्र र सञ्जय बेलिपुत्र ६ जना ठूलठूला धर्म गुरुहरु पनि थिए । तिनीहरु निम्न थिए जसमा

१) पूर्ण काश्यपको कथन यसप्रकारका छन् - पाप पुण्य भनेको केही होइन, मारे पनि, काटे पनि कष्ट दिए पनि, डर धम्की दिए पनि, चोरे पनि, डाँका मारे पनि, झूठो कुरा गरे पनि, परस्त्री-पुरुष गमन गरे पनि त्यसको कुनै पाप लाग्दैन, पाप हुने छैन । त्यस्तै दान, पुण्य गरे पनि धर्म हुने छैन यो मतलाई 'अक्रियावाद' भनिन्छ ।

२) मक्खली गोसालको कथन यसप्रकार छन् - प्राणीहरु अपवित्र हुनेमा कुनै हेतु हुँदैन । प्राणीहरुको शुद्धताको पनि कुनै कारण छैन । विना हित र कारणले नै मानिसहरु शुद्ध हुन्छन् । चाहे कोही मुर्ख होस् वा विद्वान, सबैको दुःख नास गर्न ८० लाख योनिको चक्कर (जन्म) घुमिसकेपछि मात्र पूर्ण हुन्छन् । यस मतलाई 'संसार शुद्धिवाद' भनियो ।

३) असित केश कम्बलको कथन - दान यज्ञ केही छैन । राम्रो नराम्रो कर्मको केही भूमिका हुँदैन । न यस लोक छन् न परलोक नै । मानिसहरुको शरीर पृथ्वी, जल, तेज र वायु महाधातुले बनिएको हो । मरिसकेपछि सबै धातु आ-आफ्नो रुपमा जान्छन् । यो मतलाई 'उच्छेदवाद' भनियो ।

४) प्रकुध कात्यायनको कथन - संसारमा ७ चिज छन्, जसलाई न कसैले बनाएको हो न कसैले बनाइदिएको हो । यी ७ पदार्थहरु हुन् - पृथ्वी, जल, तेज, वायु, सुख, दुःख र जीव । न कसैले कसैलाई पिट्ने हो, न पिटीकन बस्छ नै, यदि कसैले कसैलाई शस्त्रले काटेको छ भने उसको र शास्त्र साथै ७ चीज (पदार्थ) बीच घुसिराखेको हुन्छ । यसबाहेक अरु केही छैन । यो मतलाई 'अन्यान्यवाद' भनियो ।

५) सञ्जय बेल्दु पत्रको कथन - परलोक छ वा छैन मलाई थाहा (वास्ता) छैन । छ पनि भन्दिन, छैन पनि भन्दिन । राम्रो नराम्रो कर्मको फल छ वा छैन त्यो पनि भन्दिन । तथागत मृत्युपछि हुन्छ हुँदैन त्यो पनि भन्न सक्दैन । यो मतलाई 'विक्षोयवाद' भनियो ।

६) निगन्थनाथ पुत्र जैन सङ्घका संस्थापक (गुरु) हुन् । उहाँको उपदेशलाई 'चातुर्याम' भनिन्छ ।

**'चातुर्याम' उपदेश यसप्रकार छन् -**

१) प्राणी हिंसा नगर्ने २) झूठो कुरा नगर्ने ३) चोरी नगर्ने र ४) देह दण्डन गर्ने ।

उपर्युक्त बुद्धकालीन ६ जना गणाचार्यहरुको कथनबाट बुद्धकालीन विभिन्न वादहरुको बारेमा हामीलाई स्पष्ट जानकारी हुन्छ कि बुद्धकालमा पनि विभिन्न थरिका भौतिकवाद छन् । उनीहरुको मत अतिरिक्त अन्य ६२ वटा मतहरु पनि बुद्धकालमा रहेको थियो ।

बुद्धको मत वा मध्यम मार्गले संसारलाई नयाँ दिशा दियो । जुन जुन देशमा बुद्धका शिक्षाहरु फैलिएको थियो । त्यहाँ सुख, शान्ति, समृद्धि तथा स्वच्छ संस्कारित भएको हामी पाउन सक्छौं । अतः बुद्ध धर्म आध्यात्मिक र भौतिकलाई समाहित गरी संसारका सम्पूर्ण प्राणीहरुको उत्थानका लागि अति महत्त्वपूर्ण छन् । अस्तु ।

# बुद्धया शिक्षा

• चन्द्रबहादुर उलक

'आय् पंचलक्ष्मीचा ! थौं कन्हय् आसमाया त:जुया छें ल्वापुया स: ताय् मंतया ल्हा, छाय्‌थे ?' त्व:या मिसात मुङ ऊनया पञ्जा, ऊनया तपली थायेगु ज्या: याङ च्वंगु पुच:लय् धनलक्ष्मी त:जुं थ:गु जिज्ञासा प्वंकल ।

'ख:या ल्हा ! थुगसीया गुनिपुन्हिं धुंसां निसें अमिगु छें ह:स: मरुनि हला ? नत्रयां ल्वापु मजुगु न्हि हे दैगु मखु ।' पञ्चलक्ष्मी त:जुं थ:गु अनुभव प्वंकल ।

'खतुं ससमांता भौ ल्व, भौ ता ससमां ल्व ! ह्वलं ह्व चुलायी धाइगु धात्थे ख:गु हे जुय: च्वना क !

ससमां नं छुच्चा ! भौया म्हुतु स्या चुपि चा थे ! बद्री अराया म्हयाय् लखंश्वरीचां थ:गु नुग: खँ प्वंकल ।

'कय् छमिसं सी मखु । थागुने म्हापूजा खुनु म्हुतिइ वको सराप बिय: ससमां भम्चा न्यङां न्यने मजिक बैगलय् च्वङ ल्वाङ च्वना स्वय् हे चुपिं पाल ल्वा:थे च्वंक । ग्यांपुसे च्वं । अपुं ल्वा:गु सहयाये मफय: जिमि नाय:म्हा अमिगु छें प्वलं प्वलं वाङ ल्वापु गाँ वांबलय् भनजक अमिगु ब्व फय: लिहाँ वये म क छुयाय् ! राजकुमार अराया मिसां पुलांगु अनुभव कान । 'छु धाय् हला अमिसं ?' महालक्ष्मी अतां थ:गु ऊन ग्वारा ग्वारा याङ जिज्ञासा प्वंकल ।

'जिमि ल्वाय्-ख्याय् छिम्ता छुकिया वास्ता हैं । सस्मां-भौ नेम्हां छप्पा जुय: गथेमनं ह व:गुऽ लज्या चाय् पुसे हे च्वनाक अब्ले । जिम्हा बुराचायां महाकालीया थें ख्व: हयाउँक लिहाँ वयेमाला क छुयाय् .... ।

'सेम्मापु मिसात, लज्या मरुपुं क अपुं ! ल्वापु गाँ वांपिंता नं अथे ब्व विय: हयेगुला खला ?' तपुलीया घर ग्वग्वं पञ्चलक्ष्मीं थ:गु नुग: खाँ प्वंकल ।

'वहे यां धायागु, अथेमनं खिचा व भौचा थे मिलय् मजुपुं सस्मां व भौ थौ कन्हें म्हाँरें हे मिले जुल बाऽ ला व लुसिथें । सस्मां भौ न्हयाथाय् वांसां नापा नापां वानिगु गजब हे जुला जियां ।'

धनलक्ष्मी त:जुं आश्चर्य व्यक्त यात ।

'ख:या उखुनु गुँला बले चिब पुजा वानेगु धाय: ससमां भौ नेम्हां म्होजक लिमलाक जूगुला ! गुर्जु पिनिगु गुँला बाजा नापा नापां पूजा भू ज्वङ देकय् वाना धायां ..... ।

'मखुऽ चिब पूजा धाय्गु गुर्जुपिसं जक याइगु मखुला या ?' नारांदेवी त:जुं थ:पासा पिंके न्यन ।

धाइगुयां ख:ऽऽ । अय्सां मनूत हिन्दू

धर्म ख:सां बुद्ध धर्मय् ब्वक ब्वक् जुइगु क छुयाय् ।'

निभ:या ज: बाँलाक व:गु चुकचाय् मुङ ऊनया तपुलि थायां ना ना थरिया गफ याङ च्वंपु त्व:या मिसा तय्‌गु पुच:लय् आसमाया त:जु तुप्लुक्क वल । आसमाया त:जु व:गु खानेवं फुकस्यां म्हुतुइ धौ फित । ल्हातं क्वात्तु क्वाङ म्हुतु फ:फ:स्वक खाँ ल्हाङ च्वंपिनि थ:थगु म्हुतुइ पत्ति तय: च्वंगुलिं आसमाया त:जुयाता शङ्का वान 'आय् जलाखलापुँ ! न्हच जि थाना मवया बेलय् म्हुतु फ:फ:स्वक इतिइति न्हय:न्हयं म्हाँरें गफ याङ च्वंपिनि जि वयूवं छाय् चार्ज फूगु मोबाइल थें जुला हाई ?' आसमाया त:जुं मुसु मुसु न्हयन्हयं न्यन ।

आसमाया त:जुया न्हयस:लं फुकसिया भ्फन न्हयलय् फियां फिये मफत । फुक्क छकलं न्हयल: हल । आसमाया नं न्हयल हे विल

मेगु खाँ छुं मखु आसमाया त:जु ! बुद्ध धर्म धाय्‌गु गुर्जु पिनिगु जक मखुला धाय्‌गु विषय खाँ जुय: च्वंगु क जिमि .... । महालक्ष्मी अतां खाँ तछ्यात ।

अथेमखु जलाखलापुँ ! भगवान बुद्ध धाय्‌म्हा वाय्‌म्हा ध्वाय्‌म्हा धाय्‌गु खाँ मखु । बुद्ध धाय्‌म्हा सकसिया म्हा ख: । अभ्फ धाय्‌गु ख:सा गौतम बुद्ध छम्हा नेपामि ख: । अय्‌सां वसपोल थौं संसारयाम्हा जुये धुंकल । भगवान बुद्धं मनू तय्‌ता भिंगु लाँय् वाने म धक ज्ञान विय: थकगु द: ।

लोभ पाप याये मज्यू । कर्पिन्ता नुगलय् स्याइगु ज्या: याये मज्यू । मखुगु खाँ ल्हाय् मज्यू । छें, त्वालय् फुक्क थासं सफा याङ च्वने सय्‌के म । थ:म्हं याङ कर्पिन्ता दु:ख जुइगु ज्या: याये मज्यू धायगु ज्ञान भिक्षुपिसं विय: विज्याइगु भिक्षु पिनिगु धर्म देशनाय् जिपु सस्मां भौ नं वानेगु । छिकपुं फुक्कसिनं स्यू हे स्यू - न्हापा जिमिगु छें न्हयावलें ल्वापु जुइगु ख:ला ? थौ कन्हे जिपुँ मल्वाये धुन । बुद्धया शिक्षां जिमिता भिंगु लाँपु क्यन ।'

आसमाया त:जूं म्हारें नाइसे च्वंक बौद्ध शिक्षाया विषय जलाखला पिंता खाँ कान ।

एऽऽ अय्‌सायां जिपुं नं बुद्धया उपदेश न्य वाने माला क त:जु । नापां यंका ।

छप्वा न्हुतुं धाय्‌थे सकसिनं थ:गु इच्छा प्वंकल ।

०८०८०८

- जसले अन्धविश्वासलाई हटाइसकेको हुन्छ, असल र खराब कर्मको परिणामलाई अन्त गरिसकेको हुन्छ, सम्पूर्ण आशा, तृष्णालाई वमन गरिसकेको हन्छ, नि:सन्देह त्यस्ता व्यक्ति नै सवोत्तम पुरुष हुन्छ ।
- अरुको दोष खोजी हिंड्नुभन्दा आफ्नै दोष खोज्नु उत्तम छ ।

*- धम्मपद*

- तिमी आफ्नो मालिक (भरोसा) आफै छौ, अरु कोही तिम्रो मालिक (भविष्य निर्मार्ता) छैन ।
- मैले तिमीहरुलाई डुंगाको उपमा जस्तै धर्मोपदेश गरें । नदी पार भई जानलाई डुंगाको सहायता चाहिन्छ । पार भइसकेपछि त्यो डुंगा बोकेर कोही पनि हिंड्दैन ।
- मानिसको उत्थान र पतन हुनेअ आफ्नै हात र कर्मको खेल हो । राम्रो र नराम्रो कामको जिम्मेवार आफै हो, जसले आफ्नो मनलाई राम्रोसँग वशमा राख्न सक्नेछ । त्यसैले ब्रम्हत्व र ईश्वरत्व प्राप्त गर्न सक्नेछ ।

*- गौतम बुद्ध*

# असेवना च बाला नं

• लक्ष्मीचन्द्र बज्राचार्य

**न्ह्योखँ**

भीगु समाज धैगु थी थी मनुतय्गु पुच: ख । संगत याय्-ज्यूपिं व संगत याय्मज्यूपिं मनूत थुकी दै । हलिमय् दूपिं प्राणीपिं मध्ये मनुत हे अप्व जागरुक व चेतनशील जूगुलिं मनूतय्सं संगत याय्ज्यूपिं व मज्यूपिं म्हसिका जक संगत याना थ:गु कल्याण व मंगलया लँ थ:म्हं हे क्वछियुमा: । विद्वानपिसं लँ जक क्यनी । लुफिं महायक, बाँलाक भी हे न्यासी वनेमा: । बुद्धं नं भीत 'असेवना च बाला नं' धका मुर्खजनपिं नापं संगत याय्मज्यू धका उपदेश जक बिया बिज्यात । मुर्खपिं थुजा:पिं धका जक क्यनाबिज्यात । मुर्खपिनिगु हे संगत याज्वीपिन्त बुद्धं ज्वना भिंगु संगतय् तया बिमज्या ।

**मुर्ख व पण्डित गय् म्हसिकेगु**

कर्म व कर्म फलय् विश्वास मदूपिं, चतुरार्य सत्यय् विश्वास मदूपिं र मस्यूपिं - थुजा:पिन्त बौद्ध साहित्य कथं मुर्ख धाई । मिथ्या दृष्टिक धका नं धाई । कर्म व कर्मफलय् विश्वास दूपिं, चतुरार्थ सत्य थ्वीका विश्वास याइपिं, आर्यअष्टाङ्गिक मार्गया अभ्यास याइपिं-थुजा:पिन्त पण्डित धाई । सम्यक दृष्टिक धका नं धाई । थ्वकथं विचा: याय्बलय् न्ह्याथेजा:गु शैक्षिक योग्यता दूसां, न्ह्याक्व धनसम्पत्ति दुसां, न्ह्याक्व त:धंगु राजनीतिक, धार्मिक, सामाजिक दर्जाय् थ्यंम्ह जूसां पण्डित मज्वीगु जुयाच्वन ।

**व्यक्ति व प्रवृत्ति थ्वीका संगत यायगु**

मनूत सामाजिक प्राणी जूगुलिं समाजय् मिलय्चलय् जुया च्वनेमा:गु बाध्यता दु । उकिं हरेक व्यक्तिपिं नापं भीगु स्वापू दयाच्वनी । व्यक्ति छुं त:धंगु विषय मखु । व्यक्तिया नुग:लय् व व्यवहारय् सुलाच्वनिगु प्रवृत्ति त:धंगु विषय ख: । थ्वहे व्यक्ति म्हसिकेगु गथी ख: । प्रवृत्तिया गथी फ्यना स्वयबलय् व्यक्तियात म्हसिके फई । वैगु प्रवृत्ति सम्यक दृष्टिक जूसा व नापं संगत याय्ज्यू । मिलाद्वसिक जूसा उजा:म्ह व्यक्ति नापं 'हाई, हेलो' तक जक लिकुनाच्वनेमा: ।

**देवदत्त व अजातशत्रु-मभिंगु संगतया दसु**

देवदत्त उबलय् भिक्षुसंघया छम्ह ध्यानलाभिम्ह, नांदंम्ह भिक्षु ख: । तर तथागतया प्रति ईर्श्या व द्वेषया हुनिं वसपोलयात सिधय्केत स्वयाच्वंम्ह व्यक्ति नं ख: । वं अजातशत्रुयात ल्हातय् काल । बुद्धयात सिधय्केत अजातशत्रुया गुहाली कायगु वैगु आजु ख: । अजातशत्रुयात देवदत्त प्रवृत्ति तोपुल । अन्तत: जुजु बिम्बिसारयात मृत्युदण्ड नं बीकल । अजातशत्रु जुजु ज्वीवं थ: नं बुद्धया थासय् थ्यंकेत गुहाली दै धैगु विश्वास ख: । तर थथे मजुल । अजातशत्रुयात पुत्रलाभ ज्वीवं वं बौया गुण थुल । अले म्वातले तक्क हे पश्चातापया मिं पुका च्वनेमाल । जीवक राजवैद्यया संगतं बुद्धदर्शन लाभ जुल । बुद्धया शरणे वना थ:त सद्धर्मे लगेयाय् फत । पश्चातापया मि भचा म्हो जुल । अथवा कम जुल ।

**उपतिस्स व कोलित - भिंगु संगतया दसु**

थुपिं निम्ह तससकं हे स्यापिं पासापिं ख: । न्हापालाक्क सुनां सद्धर्म थुई थवंथवे ब्याकेगु धैगु सल्लाह याना सद्धर्म मालेगु ज्याय् कुत: यानाच्वंपिं ल्याय्म्हत ख: । बाँलाक इच्छा नुगलं निसें याय्मा: छन्हू पूवनी । उपतिस्सं छन्हू बुद्धया शिष्य अस्सजित भन्ते नापलात । उपतिस्स वसपोलया व्यक्तित्वं प्रभावित जुल । थुजा:गु शालिनगु, शान्त व गम्भीरगु व्यक्तित्व

दूम्ह मनुं सद्धर्म स्यू हे ज्वी धैगु विश्वास वसपोल भन्तेयाके उपतिस्सं न्यन - 'छलपोलया दर्शन छु खः ? अले गुरु सुयें ?' बसपोलं 'ये धम्मा हेतुप्पभवा...' धका उत्पत्ति व विनासया भ्ववलय् हेतुया प्रभाव बारे छकूचा जक उपदेश बीवं हे उगु उपदेशया रहस्य व महत्व थुल । उपतिस्सं थः पासा कोलितयात नं उगु उपदेश कनेगु सुरु जक याय्वं हे वं नं सद्धर्म थुल । इपिं निम्हं कालान्तरय् सारिपुत्र व मौद्गल्यायनया रुपय् भिक्षु संघय् नांदपिं अग्रश्रावक भिक्षुपिं जुल ।

थुकथं संगत कथं लिच्व नं भिंगु व मभिंगु वइगु जुया भ्कीसं भिंगु संगत ल्यय्मा: । थुकिया निंतिं सुमित्र व कुमित्र गुजा:पिंधका सीका च्वनेमा: । ध्व सम्बन्धय् गृहीविनय्स उल्लेख जूकथं श्रृङ्गाल धैम्ह मचाल्याय्म्हयात बुद्धं बियाबिज्यागु शिक्षा भ्कीसं सीकातय्मा: ।

## संगत यायबहपिं सुमित्रपिं

गृहीविनय कथं प्यथी कथंया मनूत नापं संगत याय्बह जू । अथवा प्यथीकथंया सुमित्रपिं दु ।

क) उपकार याइम्ह मित्र : थुजा:म्ह मित्र बेहोसी अवस्थाय् नं नापं च्वना जिउधन नाश ज्वीगुलिं पनातई । आवंली बेहोस मज्वीकेत कुतः याई । राजभय, चोभय, भूतभय व शत्रुभयं ग्वानाच्वनिबलय् अनेक धर्मशास्त्रया प्रमाण तया शान्त याई । अथे हे व्यापार व्यवसाय फाइदा ज्वीगु सल्लाह बियाच्वनी ।

ख) सुख दु:ख समान व्यवहार याइम्ह मित्र : थुजाम्ह मित्र थ:गु गोप्यगु खँ नं कनी । पासाया गोप्यगु खँ नं पिब्वइमखु । आपतविपत वैबलय् गुहाली याई । मित्रया सुख ज्वीबलय् सुख ताई । दु:ख ज्वीवलय् दु:ख तायकाच्वनी ।

ग) धनसम्पत्ति, यशकीर्ति अप्वयुकेत बुद्धि बिइम्ह मित्र-थुजा:म्ह मित्रं पापकर्म याकिमखु । प्राणीहिंसा, मखुगु खँ, चुगलिं खँ ल्हाय्गुलिं तापाक्क तई । कुशल कर्मय् लगेयाना तई । बुद्ध, धर्म व संघयात बन्दना याय्गु स्यनी नापं थुकिया गुण नं कनाच्वनी ।

घ) अनुकम्पा तइम्ह मित्र - थुजा:म्ह मित्र थ:पासाया हानी नोक्सानी ज्वीगु ईलय् खुशी ज्वीमखु । मित्रयात लाभ जूगु न्यना आनन्द कयाच्वनी । मित्रया निन्दा ज्वीके बीमखु । प्रशंसा बृद्धि ज्वीगु ज्या यानाच्वनी ।

## संगत यायबह मजूपिं कुमित्रपिं

प्यथी कथंया संगत याय्बहपिं सुमित्रपिं दूथें प्यथी कथंया संगत याय् मज्यूपिं कुमित्रपिं नं दु ।

क) थ:गु सामान जक कयाच्वनीम्ह मित्र : थुजा:म्ह मित्रं खालि ल्हातं वया हेका थ:गु सामान कया जक च्वनी । लित धा:सा बीमुख । अथे हे भतिचा बिया अप्व काय्त स्वई । आपतविपतय् खसां मखंछुना वनी ।

ख) म्हुतुंजक मित्रभाव क्यनीम्ह मित्र : थुजा:म्ह मित्रं थ:त आखिर ज्वीगु ईलय्, समस्या वइगु ईलय् गुहाली मविसें म्हुतुं जक ठीक्क याई । थ:के दूगु छुं बीमाल धा:सा थी थी बहाना यानाच्वनी ।

ग) ख्वान्हयोनय् जक प्रशंसा याइम्ह मित्र : थुजा:म्ह मित्रं हिंसा याय्गु ज्याय्, खुया काय्गु ज्याय् मन चकंका गुहाली याइम्ह ज्वी । तर ख्वा ल्यूनय् थः पासां या:गु कुकर्मया विषय बय्बय् यानाज्वी ।

घ) मभिंगु ज्याय् जक गुहाली याइम्ह मित्र : थुजाम्ह मित्रं सुरापान एवं थी थी बद्मासी ज्याय् गुहाली यानाच्वनी । कुबेलाय् गल्ली गल्ली चाहिलेत पासा वई । फिलिम स्वबनेगु, प्याखं हयुगु (थौ कन्हय्या भाषं जूसा डान्स क्लबय् वनेगु) इत्यादि नशा लगेज्वीगु ज्याय् उत्साहित यानाच्वनी । जू, तास इत्यादि म्हितेगु ज्याय् प्रोत्साहन बियाच्वनी ।

## अन्तय

बुद्धया जीवन कालय् जा मुर्खपिनिगु संगत जूसां वसपोलया प्रत्यक्ष आनुभाव, धर्मया आनुभाव व संघया आनुभाव दूगु जुया कालान्तरय् भिंगु लँपू लाना मार्गफल लाभ याना कापिं नं दु । गथेकि अंगुलिमाल । अथेहे अजातशत्रु मार्गफल लाभ ज्वीगु लँय् लात । तर आ: व ई मखय् धुंकल । उकिं आ: लँ द्वनकिं भिन्याय् संगत ज्वीगु कम जक आशा दु । हिंसावादी, फताहा, व्यभिचारी दुर्व्यसनी व भ्रष्टाचारी प्रवृत्तिया संगत लातकिं व मनूया जीवन निसें मरण नं नरक समान दु:खमय ज्वी । थुकिं उम्के ज्वीत तस्सकं थाकु । उकिं भ्की आ: हे सचेत जुया मभिंगु संगत दूसा विस्तारं तापाके । भिंगु संगत नापं सतिके । बसपोल तथागतं धया बिज्यागु दु :

*'असेवना च वाला नं, पण्डितानञ्च सेवना*
*पूजा च पूज नेया नं, एतं मङ्गल मुत्तम ।'*

अर्थ - मुर्खजनपिनिगु संगत मयाय्गु, पण्डितपिं नापं जक संगत याय्गु । पूजा याय् योग्यपिन्त पूजा (सत्कार) याय्गु उत्तम मंगल खः ।

**೦೩೦೩೦**

# सद्धर्म पुण्डरीक

• ओमप्रसाद धौभडेल

संसारमा हरेक धर्मको आ-आफ्नो धार्मिक पवित्र ग्रन्थहरुको रचना भएको हुन्छ । यस्ता ग्रन्थहरुको अध्ययन अध्यापनबाट उक्त धर्मबारे ज्ञान हासिल गर्न मद्दत पुऱ्याएको हुन्छ । संसारमा यस्ता थुप्रै धर्मग्रन्थ छन् । यहाँ हिन्दुका लागि गीता जति पवित्र र आदरणीय हुन्छ त्यतिकै इसाईको लागि बाइबल उत्तिकै पवित्र र आदरणीय हुन्छ । त्यस्तै मुसलमाका लागि कुरान जति महत्त्वपूर्ण हुन्छ बौद्धका लागि सद्धर्म पुण्डरीक उत्तिकै महत्त्वपूर्ण हुन्छ । यस अर्थमा सद्धर्म पुण्डरीकलाई बौद्धहरुको सबैभन्दा पवित्र धार्मिक ग्रन्थका रुपमा लिन सकिन्छ । त्यसो त बौद्ध धर्ममा सद्धर्म पुण्डरीक एक मात्र होइन त्यस्ता अन्य आठवटा समेत गरी नौवटा ग्रन्थहरु अति नै महत्त्वपूर्ण छन् । यसमा प्रज्ञापारमिता, अष्ट साहस्रिका प्रज्ञापारमिता र तथागत उचुहाकको नाम आउँछ । बौद्ध धर्ममा यी सबै नौवटा ग्रन्थहरुको समूहलाई नवधर्म, धर्मपर्याय वा वैपुल्य सूत्र भन्ने चलन छ ।

त्यसमध्ये बौद्ध धर्ममा सद्धर्म पुण्डरीकको ठूलो महत्त्व एवं विशेषता छ । इसाको प्रथम शताब्दीतिर बौद्धधर्ममा अन्य धर्मबाट र स्वयम् बौद्धधर्मभित्र मत-मतान्तर आइपर्दा सद्धर्म पुण्डरीकजस्ता धार्मिक ग्रन्थले यो धर्मलाई नयाँ मोड मात्र ल्याएनन् बरु भारत, नेपाल, चीन, जापानदेखि सुदूर पूर्वका देशहरुमा बौद्धधर्मलाई प्रतिस्थापित गर्न ठूलो मद्दत पुऱ्याएको देखिन्छ । काठमाडौं उपत्यकाभित्र बस्ने नेवाःहरुले गौतम बुद्धलाई आर्यालोकितेश्वरको रुपमा पुज्नुको पछाडि यही ग्रन्थको ठूलो भूमिका छ । यस ग्रन्थको प्रभाव उपत्यकामा जस्तै चीन जापानजस्तो देशमा समेत अत्यधिक पर्न गएको देखिन्छ । यसैको प्रभाव स्वरुप त्यहाँ सद्धर्म पुण्डरीकको अध्ययन अध्यापन राजकीय तवरले हजारौं वर्ष पहिलेदेखि नै हुँदै आएको देखिन्छ ।

सद्धर्म पुण्डरीक धार्मिक ग्रन्थ हो, जसले बुद्धलाई अन्य धर्ममा झैं भगवानको रुपमा मूर्ति, स्तुपमा प्रस्तुत गरेको हुन्छ । यसभन्दा अघि बौद्धहरु योग वा ध्यानबाट मात्र बुद्धको आह्वान गर्दथे तर सद्धर्म पुण्डरीकको प्रचार, प्रसारपछि विश्वमा बुद्धका असङ्ख्य मूर्ति र स्तुपहरु बन्न थालेको देखिन्छ । जसबाट विश्वमा बुद्ध धर्मको व्यापक प्रचारप्रसार भएको देखिन्छ ।

जसरी बौद्ध धर्ममा पाली, त्रिपिटक पूरा गर्न अशोकको ठूलो भूमिका छ त्यस्तै सद्धर्म पुण्डरीक रचनामा महाराज कनिष्कको

ठूलो योगदान छ । यस्तो महत्त्वपूर्ण सद्धर्म पुण्डरीक सुरुमा पाली र संस्कृतको भ्रंश भाषामा लेखिएको भए तापनि नेपालभित्र विशेष गरी काठमाडौं उपत्यकाभित्र जति पनि सद्धर्म पुण्डरीक रचना भए प्राय: यहींकै स्थानीय भाषा नेपाल भाषामा रचना भएको देखिन्छ ।

त्यसमध्ये तत्कालीन स्वर्गवासी राजारानी वीरेन्द्र र ऐश्वर्य २०४० सालतिर चीन सवारी क्रममा त्यहाँका तत्कालीन राष्ट्रपति लि स्यान न्यानले सद्धर्म पुण्डरीकको एक प्रतिलिपि ग्रन्थ हस्तान्तरण गर्नुभएको थियो । जुन सद्धर्म पुण्डरीकको कुनै बेला नेपालबाट चीन पुगेको थियो । त्यस हस्तान्तरित ग्रन्थको पुष्पिका वाक्यमा उल्लेख भएअनुसार उक्त ग्रन्थ नेसं २०२ (विसं ११३९) मा तत्कालीन लिच्छवी राजा शङ्करदेवको समयमा काठमाडौं इन्द्रमूल बस्ने गुणाकर जीवन भलोकले लेखेका हुन् । यो सद्धर्म पुण्डरीक कहिले कसरी चीन पुग्यो त्यो त खुलस्त छैन तर स्वर्गवासी राजारानीको चीन भ्रमणताका त्यसको एक हस्तलिखित प्रतिलिपि नेपालले पाएको छ ।

समय-समयमा नेपालबाट असङ्ख्य यस्ता ग्रन्थहरु बाहिरिसकेका छन् । विद्वान जनकलाल शर्माले कोलकत्ताको एसियाटिक सोसाइटी पुस्तकालयमा तीन प्रति, फ्रान्सको बिब्लिओ थेक नेसनल म्युजियममा दुई प्रति, लण्डनको ब्रिटिस, म्युजियममा एक प्रति, बेलायतको क्याम्ब्रिज विश्वविद्यालयको पुस्तकालयमा दुई प्रति, बेलायतकै रोयल एसियाटिक सोसाइटी पुस्तकालयमा तीन प्रति, जापानले टोयोबुको पुस्तकालयमा एकप्रति सद्धर्म पुण्डरीकका नेपाली पाण्डुलिपी रहेका उल्लेख गरेका छन् । यसमध्ये सबैभन्दा प्राचीन नेसं १५६ र १८३ को दुई प्रति क्याम्ब्रिज विश्वविद्यालयमा रहेको छ । यसपछि मात्र प्राचीन अर्को सद्धर्म पुण्डरीकमा चीनबाट उपहार पाएको नेसं २०२ को पाण्डुलिपि हुन आउँछ ।

यसबाहेक थुप्रै अन्य सद्धर्म पुण्डरीकहरु विदेशिएको हुन सक्छ । त्यस्तै हाल नेपालमा अरु केही सद्धर्म पुण्डरीकहरु सङ्ग्रहमा छन् । यसमध्ये हाल राष्ट्रिय अभिलेखालयमा ताडपत्रमा लेखिएको ३ (तीन) थान र कागजमा लेखिएको ६ थान पाण्डुलिपिहरु रहेका छन् । त्यसबाहेक मध्ये एसियाको लेनिनग्राडमा एक प्रति र भारतको राष्ट्रिय अभिलेखालयमा अर्को एकप्रति पाण्डुलिपि संरक्षणमा छन् । विदेशिने क्रममा आज सद्धर्म पुण्डरीक चिनियाँ, जापानी, तिब्बती, मङ्गोलियाली, जर्मनेली, फ्रान्सेली, अङ्ग्रेजी, हिन्दी, नेपाली, नेवारी आदि भाषामा अनुवाद भइसकेको छ ।

यसबाट सद्धर्म पुण्डरीकको संरक्षकका रुपमा काठमाडौं उपत्यकाले लिच्छवीकालदेखि मल्लकालसम्म जुन सौभाग्य प्राप्त गऱ्यो त्यो नेपालका लागि गौरवको विषय भएको छ । तर पनि माल पाएर चाल नपाएको नेपालीहरुको बानीले सक्कली पाण्डुलिपिहरु नै पैसाको लोभमा बाहिरिंदा आज सद्धर्म पुण्डरीक जस्तो महत्त्वपूर्ण धार्मिक ग्रन्थको अभाव सदैव खट्किएको छ ।

नेपालबाट असङ्ख्य यस्ता ग्रन्थहरु बाहिरिसकेका छन् । विद्वान जनकलाल शर्माले कोलकत्ताको एसियाटिक सोसाइटी पुस्तकालयमा तीन प्रति, फ्रान्सको बिब्लिओ थेक नेसनल म्युजियममा दुई प्रति, लण्डनको ब्रिटिस, म्युजियममा एक प्रति, बेलायतको क्याम्ब्रिज विश्वविद्यालयको पुस्तकालयमा दुई प्रति, बेलायतकै रोयल एसियाटिक सोसाइटी पुस्तकालयमा तीन प्रति, जापानले टोयोबुको पुस्तकालयमा एकप्रति सद्धर्म पुण्डरीकका नेपाली पाण्डुलिपी रहेका उल्लेख गरेका छन् । यसमध्ये सबैभन्दा प्राचीन नेसं १५६ र १८३ को दुई प्रति क्याम्ब्रिज विश्वविद्यालयमा रहेको छ ।

# पण्डित बुद्धिराज शाक्य

• रत्नसुन्दर शाक्य

नेपालमा नेसं ४७० (सन् १३५०) मा बंगालका सुल्तान शमसुद्दिनको आक्रमण र राजा जयस्थिति मल्लको शासनको आरम्भ (सन् १३८०) भएदेखि पूर्णरुपमा निषेध गरिएको बुद्ध-शासनको भिक्षु-परम्परा शताब्दियौं पश्चात् २० औं शताब्दीको पूर्वार्द्धदेखिमात्र शुभारम्भ भएको देखिन्छ ।

यसको श्रेय विसं १९८१ सालको फागुन पूर्णिमाको दिन ४ वर्ष ६ महिना बिताइ अष्टाङ्ग दण्डवत गर्दै नेपालको ३ वटा प्रमुख स्तुप (नमोबुद्ध चैत्य, बौद्ध चैत्य, स्वयम्भू महाचैत्य) दर्शन गर्न आइपुग्नुभएका तिब्बतको खाम् प्रदेशका क्यान्छ्या लामा वा कुनसां लोसेल (सन् १८९१/९२-१९४१) लाई दिन सकिन्छ । यसमा पुन: विशेष रुपमा उहाँले दिनुभएको धर्मोपदेशलाई तिब्बती भाषाबाट नेपालभाषामा अनुवाद गरिदिनुहुने कान्तिपुर यटखा बहालका साहू बेखारत्न ताम्राकार, धर्मोपदेशका मूल प्रबन्धक असन-त्यौड-तँलाछिका साहू धर्ममान तुलाधर एवं लामाको उपदेश (बेखारत्न साहूबाट अनुदित) लाई पुन: विस्तृत रुपमा आफ्नो ठूलो स्वर, वाकसिद्धि एवं कथावाचन शैलीमा व्याख्यान गरिदिनुहुने पाटन उकुबहाल (शिवदेव संस्कारित रुद्रवर्ण महाविहार) का पण्डित बुद्धिराज शाक्यलाई दिनुपर्दछ । यहाँ उहाँको बारेमा केही चर्चा गरिन्छ -

पण्डित बुद्धिराज शाक्यको जन्म विसं १९५१ सालमा धातुकलाको कार्यमा निपुण रहेको स्थान पाटनको उकुबहालस्थित एक शाक्य परिवारमा भएको थियो । बाल्यावस्थामा मातापिताको प्रयासबाट केही शिक्षा-अध्ययन गरेका उहाँले यौवनावस्था पूर्ण नहुँदै विवाह गर्नुभएको थियो तर विवाहपश्चात् क्रमश: मातापिता लगायत पत्नी र सन्तानको वियोग सहनुपरेको थियो । यस उसले उहाँको हृदयमा विरागको स्वभाव देखिन आएको फलस्वरुप उहाँले त्यसैबेलादेखि गृहस्थ जीवन त्याग्ने विचार गरिरहनुभएको थियो ।

आफ्नो भावी जीवन सुधित एवं सफल (उद्देश्यपूर्ण) बनाउन उहाँले विशेषत: संस्कृत शिक्षाको अध्ययन तीव्र गर्दै लानुभयो । यसमा विशेषत: उहाँलाई रुद्रवर्ण महाविहारकै एक पण्डित तोडरानन्द शाक्य र कान्तिपुर ओमबहालका पण्डित निष्ठानन्द बज्राचार्यको सामिप्यतामा रही संस्कृत-साहित्यको अध्ययन अगाडि बढाउँदै जानुभएको थियो ।

उहाँले आफूमा विज्ञता (दक्षता) हासिल गरिसकेपछि, काठमाडौं उपत्यकामा

क्यान्छ्या लामाको आगमन हुन एक दशक अगाडि नै उपत्यकाका विभिन्न तीर्थस्थल वा तीर्थसेवाहरुमा पुगी श्रद्धालुहरुको अनुरोधमा अष्टमी ब्रत, न्यूनब्रत पनि सञ्चालन गरी अनेक जातक, अवदान साहित्यहरुको कथावाचन गर्नमा सिद्धहस्त भइसकेका थिए ।

उहाँको सो क्रममा त्यसताका (ने.सं. १०३४-विसं. १९७१) कान्तिपुर, ओमबहाल नक बहिलका पण्डित निष्ठानन्द बज्राचार्य (ने.सं. ९७८-१०५५) ले रचना गर्नुभएको बुद्धजीवनी कृति 'ललित विस्तर' लाई पण्डित बुद्धिराज शाक्यले स्वयम्भू पर्वत स्थानमा लगातार ३ वर्षसम्म धर्मव्याख्यान (बुद्धजीवनी वाचन) गरिसक्नुभएको थियो । उहाँको कथावाचन शैलीबाट पण्डित निष्ठानन्द बज्राचार्य समेत प्रभावित हुनुभएको कारण उहाँ आफै आफ्नो कृतिको आधारमा गरिएको बुद्धजीवनी वाचन सुन्न जानुभएको थियो । उहाँको उपस्थितिबाट धर्मव्याख्याता (कथावाचक) पण्डित बुद्धिराज शाक्य अति प्रफुल्लित एवं प्रोत्साहित भएको उहाँ आफैले उल्लेख गरिराख्नुभएको छ ।

यसप्रकार क्यान्छ्या लामाको आगमन हुनुभन्दा अगाडि नै प्रसिद्धि पाइसक्नुभएका पण्डित बुद्धिराज शाक्य-क्यान्छ्या लामाको आगमनपश्चात् उहाँको व्याख्यान शैली पुनः विस्तृत रुपमा प्रगति गराउने अवसर साहू धर्ममान तुलाधर (विसं. १९१८-९४) एवं अन्य श्रद्धालुहरुले दिए जसअनुसार उपत्यकाको विभिन्न ठाउँहरुमा (प्रमुखतः स्वयम्भू-मञ्जुश्रीस्थान, पाटन-नागबहालको धाख्वा साहूहरुको बैठकमा, भक्तपुर-आदिपद्म महाविहार-लोम्वाहाल, बुंगमती-अमरावती महाविहार, कीर्तिपुर-चिलंचो विहार) क्यान्छ्या लामाका साथ पुगी धर्मव्याख्यानमा टेवा दिन पाएबाट त्यसताका (राणाकालमा) हजारौंको नेपाली जनसमुदायले एकत्रित भई धर्मश्रवण गर्न पाएको थियो ।

यद्यपि त्यसताका क्यान्छ्या लामाको उपदेश एवं उहाँले लिएर आउनुभएको बौद्ध ग्रन्थ 'कुनसांलामे स्यालुं ङोन्दु' लाई अल्याख जनसमुदायले ढोगेकोलाई निहूँ बनाई केही परम्परावादी कट्टर बज्राचार्य-पुरोहित गुरुजुहरु र उहाँहरुका यजमानहरुका बीच एक आपसमा भिडाउने कार्य राणाहरुले गरेको थियो । सो झगडा दुई-अढाई दशकपछि बल्ल २००७ सालको प्रजातन्त्रपछि धर्मरत्न 'यमि', प्रेमबहादुर कंसाकार, दयावीर सिंह कंसाकार, लोकदर्शन बज्राचार्य आदि केही नवयुवक सुधारवादी व्यक्तिहरुको प्रयासबाट बल्ल साम्य हुन गएको थियो ।

क्यान्छ्या लामाको आगमन वा उहाँको उपदेशबाट भएका केही विशेष उपलब्धिहरु

१) नेपाली जनसमुदाय हजारौंको सङ्ख्यामा एकत्रित भई धर्मश्रवण गर्न पाउनु ।

२) 'लामा' शब्दलाई पहिले हेय रुपमा हेर्ने गरेकोलाई यसपछि देखि सो शब्द गुरुको रुपमा रहेको बोध हुनु ।

क्यान्छ्या लामाको आगमन हुनुभन्दा अगाडि नै प्रसिद्धि पाइसक्नुभएका पण्डित बुद्धिराज शाक्य-क्यान्छ्या लामाको आगमनपश्चात् उहाँको व्याख्यान शैली पुनः विस्तृत रुपमा प्रगति गराउने अवसर साहू धर्ममान तुलाधर (विसं. १९१८-९४) एवं अन्य श्रद्धालुहरुले दिए जसअनुसार उपत्यकाको विभिन्न ठाउँहरुमा (प्रमुखतः स्वयम्भू-मञ्जुश्रीस्थान, पाटन-नागबहालको धाख्वा साहूहरुको बैठकमा, भक्तपुर-आदिपद्म महाविहार-लोम्वाहाल, बुंगमती-अमरावती महाविहार, कीर्तिपुर-चिलंचो विहार) क्यान्छ्या लामाका साथ पुगी धर्मव्याख्यानमा टेवा दिन पाएबाट त्यसताका (राणाकालमा) हजारौंको नेपाली जनसमुदायले एकत्रित भई धर्मश्रवण गर्न पाएको थियो ।

३) विशेषत: तुलाधर र बज्राचार्यहरुको बीचमा भएको कलह (मनमुताव) साम्य पार्न केही नवयुवकहरुमा जागृति बढ्नु ।

४) नेपालभाषा सेवी योगवीरसिंह कंसाकार (ने.सं. १००६-६२) लाई साहित्य सेवा गर्न विषयवस्तु प्राप्त हुनु ।

५) एक श्रेष्ठ कुलबाट प्रव्रजित भएका महाप्रज्ञाबाट नेपालमा स्थविरवाद बुद्ध-धर्मको पुनरुत्थान सुरु हुनु ।

६) कयान्छ्या लामा एवं पण्डित बुद्धिराज शाक्यको थप धर्मदेशनाबाट कयौं श्रद्धालु महानुभाव संसारबाट विरक्त भई गृहत्याग गरी बुद्ध-धर्म प्रचार-प्रसार निरन्तर गर्दै आउनु आदि ।

यसप्रकार पण्डित बुद्धिराज शाक्य क्यान्छ्या लामाको सत्सगमा अटुट रुपमा लाग्दै रहेको परिणामस्वरुप लामाकै निर्देशनमा गुरु पद्मसम्भव (रिम्पोछे) को योगस्थल मानिएको तिस्टुङ-पालुङ-तमना-ऋषेश्वरमा ४ दशकसम्म अनेक दुर्ष्क र चर्या गरी योगाभ्यासमा लागेबाट उहाँको व्यक्तित्वमा वृद्धि भएको थियो ।

जीवनको अन्ततिर-पण्डित बुद्धिराज शाक्य वृद्धावस्थाको कारण तमना-ऋषेश्वरबाट फर्कनुभयो र विशेष रुपमा स्वयम्भू पर्वत मुनि 'जगतोउद्धार विहार' मा अन्तिम समय बिताई ९३ वर्षको उमेरमा विसं २०४४ सालको श्रावण जुग: पन्चदानका दिन आफ्नो इहलीला समाप्त गर्नुभएको थियो ।

अन्तमा, स्मरणीय छ - पण्डित बुद्धिराज शाक्यले क्यान्छ्या लामाको उपदेशलाई आफ्नो शैलीमा जुन ढङ्गबाट वाचन गरिएको हो सोही अनुरुप त्यसलाई गद्य शैलीमा लेखिराख्नुभएको रहेछ ।

उहाँको उक्त अमूल्य कृति 'कुनसांलामे स्यालु ङोन्दु' लाई नेपालभाषा एवं नेपाली भाषाका साहित्यकार एवं नेपालमण्डलका बौद्ध संस्कृतिका ज्ञाता श्री सत्यमोहन जोशीले सम्पादन गरी 'बोधि प्रकाशन केन्द्र' को तर्फबाट विसं २०४६ सालमा प्रकाशित गरिसकेको छ ।

यसै प्रसङ्गको अन्य कृति 'क्यान्छ्या लामा व ङोन्द्' पनि उहाँबाट नै सम्पादन गरी उपर्युक्त केन्द्रबाट नै सोही वर्षमै प्रकाशन भएबाट हामीलाई पुन: एकपटक क्यान्छ्या लामा, धर्ममान साहू बेखारत्न साहू र पण्डित बुद्धिराज शाक्यलाई संस्मरण गराउनमा अधिक हात रहेकोमा श्री सत्यमोहन जोशीप्रति अति कृतज्ञ छु ।


**सन्दर्भ**

कुनसां लामे स्यालुं ङोन्दु - स्व. पण्डित बुद्धिराज शाक्य
- सत्यमोहन जोशी, बोधिप्रकाशन केन्द्र - ११११०

क्यान्छ्या लामा व ङोन्द् - सत्यमोहन जोशी, बोधिप्रकाशन केन्द्र - ११११०

बौद्धजगतका स्मरणीय व्यक्तिहरु, भाग-२ - रत्नसुन्दर शाक्य, मानदास लुमन्ति प्रकाशन असन, काठमाडौं - २०५०

शिवदेश संस्कारित - रुद्रवर्ण महाविहार छ्गू अध्ययन
- हेमराज शाक्य, २५३८ औं बुद्ध जयन्ती समारोह समिति उकुबहा, यल-२०५१

# मान्छेको अल्झाई

● गोपीकृष्ण प्रजापति

समाजमा बस्ने मानिसहरु विभिन्न किसिमका समस्याहरुमा अल्झिरहेका हुन्छन् । त्यही समस्याबाटै मान्छेले प्रगति गर्छन् र राम्रो जीवन बिताउँछन् । समस्यै समस्याले घेरिएको हाम्रो जीवन हो । त्यसकारण भन्ने गरिन्छ – 'जीवन सङ्घर्ष हो, सङ्घर्ष जीवन हो ।' समस्याले नै मानिसले नयाँ ज्ञान प्राप्त गर्दछ । यो भौतिकवादी नियम हो । समस्याले नै सिद्धार्थ बुद्ध हुनुभयो ।

राजा शुद्धोधनको दरबारमा जनताले बगाएको पसिनाको लाभांसबाट शासकहरु मोजमस्तीमा डुबिरहेको कुरा सिद्धार्थलाई पटक्कै मन परेन । आफू अल्झाइमा परेको अनुभव गऱ्यो । जनताको सुख र शान्तिको लागि दरबार, राजपरिवार, पत्नी र छोरासमेत त्यागी ज्ञानको लागि जङ्गलतिर लाग्नुभयो । पहाड-पर्वत घुम्दै जाँदा खोला-नाला तर्दै जाँदा जङ्गलमा एउटा आश्रम देखे । त्यस आश्रममा आरामको लागि भित्र पस्दा ध्यानमग्न वृद्ध बाहुन सिद्धार्थले देख्नुभयो । सिद्धार्थले त्यस वृद्ध बाहुनलाई नमस्कार गरी 'म यहाँ विश्राम गर्न पाउँछु कि ?' भनी सोध्नुभयो । जवाफमा सिद्धार्थलाई आश्रममावस्न वृद्ध बाहुनले अनुमति दिए ।

त्यस आश्रममा सिद्धार्थ वृद्ध बाहुनको चेला भएर ध्यान र तपस्या गर्न सिके । जनताको सुख र शान्तिको लागि त्यही जङ्गलको आश्रममा दिनको एकपल्ट पानी र फलमात्र खाएर सिद्धार्थले ६ वर्षसम्म ध्यान र तपस्या गर्नुभयो । पछि सिद्धार्थलाई आफ्नो शरीर कमजोर र अस्वस्थ हुँदै गएको अनुभव भयो । त्यसपछि ध्यान र तपस्या त्यागेर अन्नबाट निर्मित खाद्य वस्तु खान थालेको देख्दा त्यहाँका रैथाने बाहुनहरुले रिसाएर सिद्धार्थलाई गाली गरे ।

त्यसपछि सिद्धार्थले त्यस आश्रम छोडि मध्यम मार्ग अपनाएर विभिन्न देश भ्रमण गरी जनतालाई शान्तिको मार्ग देखाउन धर्मदेशना दिनुभयो । जहाँ गए पनि गरिब मानिसहरु कहाँ बास बस्नुभयो र उनीहरुकै साथमा बसी ज्ञानगुणका कुरा सिकाउने गर्नुभयो । गरिब मानिसहरुले जुन खाना खाने गर्थ्यो आफूले पनि त्यही खाना खाने गर्नुभयो ।

उनीहरुसँगै बसेर कहिल्यै पनि कडा वचन बोल्नुभएन । आफूलाई त्यहाँका खराब मान्छेहरुले नाना किसिमबाट गाली गरे पनि शान्त भएर बस्नुभयो । नम्र भएरै उनीहरुलाई जवाफ दिने गर्नुभयो । त्यसैगरी हरेक दिन विभिन्न विषयहरुमा निरन्तर धर्म देशना दिँदै ३५ वर्ष बिताउनुभयो । मान्छेको समस्याको अल्झाई हटाउँदै सिद्धार्थ बुद्ध हुनुभयो । अस्तु ।

# पूजा के हो ?

• वासुदेव देशार

पूजा भन्ने बित्तिकै भगवानलाई अक्षता, फूल, धूप आदिले पुज्नुलाई भनिन्छ भन्ने धेरैजसो मानिसहरुको सोचाइ छ । तर आजको समाजमा धर्मको दुई पक्ष देखिन्छ । एक प्रकारमा समाजको व्यवहारमा सुधार ल्याई जीवन यापन गर्ने । मूर्ति पूजाको लागि भिक्षुहरुले समय व्यर्थ न फाल्नु भन्ने गौतम बुद्धले भन्नुभएको कुरा दीघनिकाय अन्तर्गत महापरिनिर्वाण सूत्रमा उल्लेख छ ।

एकपटक राजा मिलिन्दले नागसेन भन्तेलाई बुद्ध पूजाको विषयमा प्रश्न गर्दै सोध्नुभयो-“भन्ते नागसेन ! बुद्धले भन्नुभएकोछ -“आनन्द ! तिमीहरु तथागतको शरीर पूजामा नलाग । त्यस्तै यस्तो पनि भन्नुभएको छ - पूजा गर ती पूजनीयहरुको धातुलाई, यसो गरेमा मात्र स्वर्गमा पुग्न सकिन्छ । यसरी यो एउटा दुविधायुक्त प्रश्न छ ?”

भन्ते नागसेनले राजा मिलिन्दको शंकाको निवारण गर्दै भन्नुभयो-“आनन्द ! तिमीहरु तथागतको शरीर पूजामा नलाग ।” महाराज ! पूजा गर्ने भिक्षुहरुको कार्य होइन । सबै संस्कारको अनित्यतालाई मनमा ल्याउने, ध्यान भावनाको अभ्यास गर्नु, स्मृति प्रस्थान भावना गर्दै जाने, आरम्मणलाई बुझ्ने प्रयास गर्नु, क्लेशलाई नाश गर्नको लागि प्रयत्न गर्नु र पवित्र कार्य गर्नु नै भिक्षुहरुको काम हो । देवता र मनुष्यहरुको तथागतको शरीर पूजा गर्नु काम हो ।”

जस्तो ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद, इतिहास, पुराण व्याकरण, ज्योतिष शास्त्र, राम्रो-नराम्रो हेर्नु, नक्षत्रको संयोग हुने विद्या, उल्कापात, आकाश र पृथ्वीको लक्षण हेर्नु, आदि काम ब्राह्मण माणवकहरुको हो । घोडा, हात्ती, रथ, भाला, धनुष चलाउने युद्ध गर्ने, सेना सञ्चालन गर्ने काम राजपुत्रहरुको हो । खेतको काम गर्नु, व्यापार गर्नु, पशु पाल्ने आदि काम वैश्य, शुद्र र अरुहरुको काम हो । त्यस्तै भिक्षुहरुको काम सबै संस्कारहरुको अनित्यतालाई मनमा ल्याउनु, ध्यान भावनाको अभ्यास गर्नु, स्मृति प्रस्थान भावना गर्दै जानु आदि हो ।

यसैले महाराज ! तथागतले भिक्षुहरु नचाहिँदो काममा नलागी आफ्नो कर्तव्यमा मात्र लाग्नुपर्छ भन्दै आज्ञा गर्नुभएको छ - “आनन्द ! तिमीहरुले तथागतको शरीर पूजामा नलाग । महाराज ! यदि तथागतले यस्तो आज्ञा नगरेको भए भिक्षुहरु आफ्नो चीवर र पिण्डपात्र एकातिर राखी जहिले पनि बुद्धको पूजामा मात्र लाग्ने होलान् ।

यसरी पूजाको विषयमा राजा मिलिन्दको प्रश्नलाई नागसेन भन्तेले विभिन्न उदाहरणद्वारा प्रष्ट पारिदिनुभएको छ ।

भगवान बुद्धले गृहस्थीहरुलाई दुई प्रकारका पूजाको बारेमा भन्नुभएको छ-

क) आमिस पूजा र ख) प्रतिपत्ति पूजा ।

पुष्प, अक्षता आदिले पूजा गर्नुलाई आमिस पूजा भनिन्छ भने आचार, विचार र व्यवहारमा सुधार गर्नु नै प्रतिपत्ति पूजा हो ।

यी दुई थरी पूजामध्येमा पनि बुद्धले प्रतिपत्ति पूजालाई नै प्रशंसा गर्नुभएको छ । मुखले भगवानको नाम लिई भक्तिभावले मात्र मूर्ति पूजामा संलग्न भई आफू व्यवहारमा निष्क्रिय हुनु यथार्थ पूजा गरेको ठहरिँदैन । आजको युगमा हाम्रो समाज र परिस्थितिलाई अति आवश्यक प्रतिपत्ति पूजा हो । यस पूजाको अर्थ स्पष्ट गर्नलाई श्रद्धेय भिक्षु अश्वघोषद्वारा लिखित 'बुद्धको नैतिक शिक्षा' भन्ने पुस्तकबाट एउटा उदाहरण प्रस्तुत गर्दछु ।

धर्मात्माको तौल बाहिरी पूजा पाठले मात्र गर्न सकिँदैन । बल्कि उसको आचरणबाट नै धर्मात्मा भन्न सकिन्छ ।

भनौं कि एकजना देवभक्ति या पूजारी स्वयम्भूमा दिनका दिन पूजा गर्न जान्छ । यसको हातमा चोखो पानी र पूजाको सामान छ । त्यो पूजारी पूजाका लागि जाँदै थियो । उताबाट एकजना तिर्खाएको मानिसले त्यो पूजार लाई भेट्यो । त्यो तिर्खाएको मानिसले पूजारीसित अनुरोध गरेर भन्यो-'दाज्यू पानी अलिकति खान दिन सक्नुहुन्छ कि ?' पूजारीले भन्यो - यो चोखो पानी देउतालाई चढाउन ल्याएको पो त ! तिमीलाई दिन सक्तिनँ !"

त्यो तिर्खाएको बटुवा निराश भई आफ्नो पाइला अगाडि बढायो । उता अलि पर पुगेपछि एकजना किसान खेती गर्न कृषि सामान र पानी बोकी आइरहेको थियो । त्यो तिर्खाएको बटुवाले त्यो किसानसित दाज्यू, पानी अलिकति खान दिन सक्नुहुन्छ भनी सोध्यो । त्यो किसानल खुशीसाथ खानुस् भनी पानी दियो । पानी खाइसकेपछि जय होस् किसान दाज्यू भनी आशीर्वाद दिई पथिक आफ्नो बाटोमा लाग्यो ।

अब प्रश्न उठ्छ दिनका दिन भक्ति र उपासनामा लाग्ने पुजारी धर्मात्मा भनौं कि तिर्खाको पथिकलाई पानी दिने किसान ?

त्यो चोखो पानी लैजाने पूजारीभन्दा प्यास लागेको पथिकलाई पानी ख्वाउने किसान नै धर्मात्मा हुन जान्छ । किसानले गरेको पानी ख्वाउने काम नै प्रतिपत्ति पूजा हो, कर्तव्य हो ।

वास्तवमा बुद्धले भन्नुभए अनुसार

मार्ग चित्त ४ वटा

१) सोतापत्ति-मग्ग-चित्तं (श्रोतापत्ति मार्ग चित्त)
२) सकदागामि -मग्ग-चित्तं (सकृदागामि मार्ग चित्त)
३) अनागामि-मग्ग-चित्तं (अनागामि मार्ग चित्त)
४) अरहत्त-मग्ग-चित्तं (अरहत माग चित्त)

फल चित्त ४ वटा

१) सोत्तापत्ति-फल-चित्तं (श्रोतापत्ति फल चित्त)
२) सकदागामि-फल-चित्तं (सकृदागामि फल चित्त)
३) अनागामि-फल-चित्तं (अनागामि फ चित्त)
४) अरहत-फल-चित्तं (अरहत्त फल चित)

माथि उल्लेख गरेअनुसार मार्ग-४, फल-४ र निर्वाण गरी ९ वटा लोकुत्तर धर्म अनुकूल हुने गरी बुद्धलाई पूजा गर्नु र आचरण गर्नुलाई प्रतिपत्ति पूजा भनिन्छ ।

*साभार : बुद्ध र उहाँको धर्म पुस्तकबाट*

दुश्शील र दुराचार भएर एक सय वर्ष बाँच्नुभन्दा सदाचार र भलाद्मी बनेर एकदिन बाँच्नु नै श्रेष्ठ छ ।

*- (गौतम बुद्ध)*

# पुन:उपयोग विधि

## (Re-use Method)

अहिलेको संसारमा विज्ञानको दिनहुँ नयाँ-नयाँ खोज र आविष्कारले गर्दा करोडौं अरबौंको रुपमा विभिन्न सामानहरु काममा प्रयोग भइसकेपछि पुन: प्रयोग गर्न सकिँदैन भने कैयौं एकपटक प्रयोग भइसकेपछि पनि त्यसको पुन: प्रयोग गर्न सकिने हुन्छ। तैपनि ती दुवैथरीका सामानहरु त्यसै सडकमा, खाल्डोमा मिल्काउने गर्छन्। जसले गर्दा शहर बजारलाई दूषित बनाइदिनुको साथै ठाउँलाई पनि साँघुरो बनाइदिन्छन्।

यसैले हामीले एकपटक प्रयोग भइसकेको सामान वा वस्तुलाई फेरि पनि पुन: उपयोग गर्न सकिनेलाई प्रयोग गर्नसकियो भने थोरै मेहनेत र थोरै पैसाबाट पनि त्यस्ता वस्तुहरुको प्रयोग गर्न सक्छौं। यस सन्दर्भमा आजभन्दा २६०० वर्ष अगाडि बुद्धकालीन समयमा भएको चीवरको अधिकतम उपयोगबारे एकपटक दृष्टि पुऱ्याऔं।

धम्मपदअट्ठकथा अनुसार बुद्धकालीन भारतको देशको राजधानी कौशाम्बीको घटना हो। भिक्षु आनन्दको धर्मकथाबाट प्रसन्न भई एक दिन महारानी श्यामावतीले उहाँमा ५०० वटा चीवर चढाउनुभयो। महारानी श्यामावतीले दान दिनुभएको उक्त चीवर एउटाको ५०० रुपियाँ पर्दथ्यो। भिक्षु आनन्दले ५०० वटा चीवर सहज रुपमा ग्रहण गरिलिएको कुरा सुनी उदेन राजा आश्चर्यचकित हुनुभई भिक्षु आनन्दसँग सोध्नुभयो -'भन्ते, यतिका वस्त्र ग्रहण गरेर तपाईं के गर्नुहुन्छ ? बढि भएन र ?' भिक्षु आनन्दले भन्नुभयो-"महाराज, आफूलाई चाहिने जति राखी बाँकी चीवर म थोत्रो चीवर लाउने भिक्षुहरुमा बाँड्नेछु।" राजाले फेरी प्रतिप्रश्न गर्नुभयो-"अनि ५०० वटा पुरानो चीवर के गर्नुहुन्छ नि ?" "बिछ्यौनाको तन्नाको काममा लिनेछु।" "पुरानो तन्ना के गर्नुहुन्छ त ?" "महाराज ! भुइँमा ओछ्याउने काममा लिनेछु।" "पुरानो भुइँमा ओछ्याइराखेको कपडा के गर्नुहुन्छ त ?" "खुट्टा पुछ्ने झुम्रोको काममा लिनेछु।" "पुरानो खुट्टा पुछ्ने झुम्रो के गर्नुहुन्छ त ?" त्यसलाई टुक्रा टुक्रा पारी माटोसँग मुछी भित्तामा लिप्ने काममा प्रयोग गर्नेछु।

भिक्षु आनन्दबाट दान दिएको वस्तुको यसरी अधिकतम उपयोग भएको कुरा सुनी उदेन प्रसन्न हुनुभयो। यस खुशीयालीमा राजा उदेनले उहाँको चरणमा अरु ५०० वटा चीवर पनि चढाउनुभयो।

यस घटनाबाट बुद्धकालीन भिक्षुहरु वस्तुको पुन:उपयोग (Re-use) मा अति सचेत हुनुहुन्थ्यो र उहाँहरु झुम्रोलाई माटोमा मुछी वस्तुको पुनर्चक्र (Recycle) समेत गरेर प्रयोग गर्नुहुन्थ्यो भन्ने कुरा थाहा हुन्छ। यसप्रकारले हामीले पनि वस्तुको पुन:उपयोग गर्न सकेमा वातावरण प्रदुषणबाट केही हदसम्म मुक्त हुनाको साथै प्राकृतिक विनाशबाट पनि आजको विश्व बच्न सक्दछ।

*साभार : बुद्ध र उहाँको धर्म पुस्तकबाट*

# हार्दिक
# मंगलमय शुभकामना

नव वर्ष नेपाल सम्वत् ११३२
को शुभ उपलक्ष्यमा सम्पूर्ण
पाठक दाजुभाइ, दिदीबहिनीहरुमा
सुख समृद्धिको हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं।

**बौद्ध दर्शन अध्ययन समाज परिवार**
भक्तपुर